# आपूर्ति नीति, २०६९ को पुनरावलोकन

## अध्ययन प्रतिवेदन २०७९


नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरबार, काठमाडौं, नेपाल

फोनः +९७७-१-४२११९७०

फ्याक्सः +९७७-१-४२११७००

Email: npcs@npc.gov.np

# आपूर्ति नीति, २०६९ को
# पुनरावलोकन अध्ययन प्रतिवेदन-२०७९


**नेपाल सरकार**

**राष्ट्रिय योजना आयोग**

**सिंहदरबार, काठमाडौं, नेपाल**

**फोनः +९७७-१-४२११९७०**

**फ्याक्सः +९७७-१-४२११७००**

Email: npcs@npc.gov.np



**राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं, नेपालका लागि परामर्शदाता वित्तीय व्यवस्थापन अनुसन्धान तथा विकास केन्द्र प्रालिका तर्फबाट समूह संयोजक केदारबहादुर अधिकारी, सदस्यद्वय जयप्रसाद चापागाइँ र हरिनारायण निरौलाद्वारा तयार गरिएको आपूर्ति नीति, २०६९ को पुनरावलोकन अध्ययन प्रतिवेदन- २०७९।**

# विषय सूची

**भाग-१**


| सि.नं. | | विवरण | पेज नं. |
|---|---|---|---|
| १ | | आपूर्ति नीति २०६९ को पुनरावलोकन अध्ययन | |
| | १.१ | पृष्ठभूमि (Background) | १ |
| | १.२ | अध्ययन को उद्देश्य (Objectives) | २ |
| | १.३ | मुख्य कार्यहरू तथा क्षेत्र (Functions & Scope) | २ |
| | १.४ | अध्ययन विधि (Method) | २ |
| | १.५ | प्रमुख उपलब्धिहरू (Deliverables) | ३ |
| | १.६ | प्रतिवेदनको ढाँचा | ३ |
| | १.७ | अध्ययनको सीमा | ३ |


**भाग-२**


| | | | |
|---|---|---|---|
| २ | | आपूर्ति नीतिसँग सम्बन्धित कानून तथा अन्य नीति | ४ |
| | २.१ | नेपालको संवैधानिक तथा कानूनी व्यवस्था | ४ |
| | | (क) नेपालमा आपूर्ति नीति सम्बन्धी ऐतिहासिक पृष्ठभूमि | ५ |
| | २.२ | पन्ध्रौ योजनामा आपूर्ति व्यवस्था | ८ |
| | २.३ | आपूर्तिसँग सम्बन्धित ऐनहरू | ९ |
| | | (क) उपभोक्ता संरक्षण ऐन २०७५ | ९ |
| | | (ख) आवश्यक पदार्थ (नियन्त्रण ऐन) २०१७ | १० |
| | | (ग) आवश्यक सेवा सञ्चालन ऐन २०१४ | १० |
| | | (घ) प्रतिस्पर्धा तथा बजार संरक्षण ऐन, २०६३ | ११ |
| | | (ङ) खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ | ११ |
| | | (च) कालाबजारी नियन्त्रण तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ | १२ |
| | | (छ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ | १३ |
| | २.४ | नियमावलीहरू | १३ |
| | | (क) उपभोक्ता संरक्षण नियमावली, २०७६ | १३ |
| | | (ख) स्टाण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) नियमावली, २०७६ | १३ |
| | | (ग) प्रतिस्पर्धा तथा बजार संरक्षण नियम, २०६६ | १४ |
| | २.५ | कार्यविधि, निर्देशिका तथा मापदण्डहरू | १४ |
| | | (क) निकाशी पैठारी सम्बन्धी मन्त्रालयको २०७६/३/२ को सूचना | १४ |

(ख) उपभोक्ता जागरण कार्यक्रम सञ्चालन निर्देशिका, २०७४ १४
२.६ मापदण्डहरू (कोभिड-१९ सम्बन्धी चेक लिष्ट र सुरक्षा मापदण्ड) १४
२.७ आपूर्ति नीति, २०६९ १४
२.८ नीति तथा रणनीति कार्यान्वयनको अवस्था १५
२.९ औद्योगिक नीति, २०६७ १७
२.१० निष्कर्ष १८

**भाग-३**

३ आपूर्ति नीति /सार्वजनिक वितरण प्रणाली सम्बन्धी केही अन्तरराष्ट्रिय अभ्यास १९
३.१ पृष्ठभूमि (Background) १९
३.२ भारतको सार्वजनिक वितरण प्रणाली २०
३.३ भारतको हालैको किसान आन्दोलन २१
३.४ भुटानको सार्वजनिक वितरण प्रणाली २२
३.५ बंगलादेशको सार्वजनिक वितरण प्रणाली २२
३.६ निष्कर्ष २३

**भाग-४**

४ सिफारिस र निष्कर्ष
४.१ प्रस्तावित नीतिको लक्ष्य २४
४.२ नीतिको उद्देश्य २४
४.३ प्रस्तावित नीतिहरू २५
४.४ प्रस्तावित रणनीतिहरू २६
४.५ कार्यनीति वा कार्य योजना ३०
४.६ सहुलियत तथा सुविधा ३०
४.७ नीति कार्यान्वयन संयन्त्र ३०
४.८ अन्य सिफारिसहरू ३०
४.९ निष्कर्ष ३१

**अनुसूची**

१. आपूर्ति नीति तथा रणनीति-२०६९ कार्यान्वयन (प्रगति विवरण) ३२

**तालिका**

१. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन २०७६।७७ र २०७७।७८ ६
२. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्राप्त आपूर्ति नीति, रणनिति तथा कार्यनीति कार्यान्वयनको अवस्था १५

# कार्यकारी सारांश

(१) राष्ट्रिय योजना आयोगबाट आपूर्ति नीति, २०६९ को अध्ययन गरी नीति पुनरावलोकन गर्न उपयुक्त सुझाव प्रस्तुत गर्ने प्रयोजनका लागि यो अध्ययन गरिएको हो।

(२) यस अध्ययनका प्रमुख उद्देश्यहरू आपूर्ति नीति, २०६९ को पुनरावलोकन गर्ने; नेपालको संविधान, पन्ध्रौं योजना तथा दिगो विकास लक्ष्यमा भएका व्यवस्थाहरू अनुकूल हुने गरी आपूर्ति सम्बन्धी मौजुदा नीति, रणनीति वा कार्यनीतिमा गर्नुपर्ने सुधारको लागि सुझाव प्रदान गर्ने लगायतका रहेका छन्।

(३) नेपालको संविधानले प्रत्येक नागरिकलाई खाद्यको हक हुने व्यवस्था गरेको र आपूर्तिका सम्बन्धमा केही नीतिहरू संविधानमै व्यवस्था समेत गरेकाले नयाँ नीति प्रस्ताव गर्दा यिनलाई समेत विचार गर्नुपर्ने हुन्छ।

(४) आपूर्ति व्यवस्थालाई कार्यान्वयनमा लैजान कानुनी व्यवस्थाहरू गरिएको छ। उपभोक्ता संरक्षण ऐन, २०७५, आवश्यक पदार्थ (नियन्त्रण ऐन), २०१७, आवश्यक सेवा सञ्चालन ऐन, २०१४, प्रतिस्पर्धा तथा बजार संरक्षण ऐन, २०६३, कालाबजारी नियन्त्रण तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ तथा संविधान जारी भए पछि आएको खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ लगायत विभिन्न नियमावलीको व्यवस्था गरिएको छ। यस दृष्टिकोण बाट हेर्ने हो भने नेपालमा आपूर्ति व्यवस्थाका लागि पर्याप्त कानुनी आधार तयार भएको छ।

(५) आपूर्ति नीति, २०६९ को पुनरावलोकन गर्दा यसको कार्यान्वयनको पक्षमा मिश्रित परिणाम देखिएको छ। मूलत: नियमित प्रकृतिका कार्यहरू भएका छन्। आपूर्ति नीति, २०६९ को कार्यान्वयनको मुख्य सारांशहरू यस प्रकार रहेको देखियो:

**कार्यान्वयन भएका पक्ष:**

- खाद्य व्यवस्था तथा व्यापार कम्पनी, साल्ट ट्रेडिङ कर्पोरेशन तथा नेपाल आयल निगमबाट नियमित रूपमा वस्तु तथा सेवाको आपूर्तिको काम भएको।
- चाडवाड लक्षित सहुलियत पसल सञ्चालनमा ल्याउने गरिएको।
- सानो संख्यामा भए पनि सहकारी संस्थाहरूसँग साझेदारीको प्रयास भएको देखिएको।
- बजार निरीक्षण कार्यलाई निरन्तरता दिइएको। बजार निरीक्षणबाट नराम्रो काम गर्नेलाई आर्थिक जरिवाना गर्ने काम समेत भएको।

**कार्यान्वयन हुन नसकेका पक्ष :**

- खाद्य सुरक्षा कार्यक्रमका लागि तोकिएको २५ हजार मेट्रिक टन खाद्यान्नको मौज्दात राख्नु पर्ने लक्ष्य पूरा हुन नसकेको तथा सहुलियत पसलको संख्यामा पनि बढोत्तरी हुन नसकेको।
- वाणिज्य विभागको सानो संरचनाले बजार अनुगमन प्रभावकारी हुन नसकेको।

- जिल्ला प्रशासन कार्यालयलाई अधिक कार्यजिम्मेवारीको कारण बजार निरीक्षणको काम प्राथमिकताभित्र नपरेको।
- इन्धन आपूर्तिमा सुधारका लागि क्षमता विस्तार नभएको।
- केन्द्रीय आपूर्ति समिति गठन हुन नसकेको।
- उपभोक्ता हित संरक्षण ऐनले बजार अनुगमनमा प्रदेश र स्थानीय तहलाई समेत संलग्न गराउन खोजे पनि समुचित कार्य हुन नसकेको तथा तहगत जिम्मेवारी प्रष्ट गर्न बाँकी रहेको।
- उपभोक्ता अदालत गठन नभएको। नीतिले परिलक्षित गरेको सुविधा र सहकारीलाई सहुलियत ऋण प्रदान गरिने कार्यनीति कार्यान्वयनमा आउन नसकेको।

(६) नेपालले सार्वजनिक वस्तु तथा सेवाहरूको वितरण, व्यवस्थापन तथा नियमन प्रणालीलाई आपूर्ति नीतिको रूपमा अंगीकार गरे तापनि विश्व परिप्रेक्ष्यमा सबैजसो राष्ट्रहरूले सार्वजनिक वितरण प्रणाली (Public Distribution System-PDS) को अभ्यास गरेको पाइयो।

(७) भारतमा सार्वजनिक वितरण प्रणाली (Public Distribution Policy) अन्तर्गत आवश्यक वस्तुहरूको संकलन (procurement) र भण्डारण तथा तिनलाई गन्तव्य स्थानसम्म पुर्याउने जिम्मेवारी केन्द्र सरकारलाई तोकिएको छ भने गन्तव्य स्थानबाट ती सामग्रीहरू सुपथ मूल्यका पसलहरू (Faire Price Shops-FPSs) सम्म पुर्याउन र उपभोक्ताहरूमा वितरण गर्न राज्य सरकारहरूको दायित्व हुने व्यवस्था रहेको देखिन्छ। भारतमा प्रतिवर्ष ८० करोड जनसंख्यालाई ५ लाख भन्दा बढी "सुपथ मूल्यका पसलहरू" बाट राशन कार्डको माध्यमबाट मुख्यतः चामल, गहुँ, चिनी र मट्टितेल बिक्री वितरण हुँदै आएको छ। भारत सरकारले सन् २०१३ मा राष्ट्रिय खाद्य सुरक्षा ऐन जारी गरी न्यूनतम परिमाणका खाद्यान्नलाई अति सहुलियत दरमा दिने व्यवस्था गरेको छ। मूल्य स्थिरीकरण कोषमार्फत भा. रू. ५०० करोड बजेट छुट्ट्याउने गरेको र सो रकम कृषि उत्पादन खरिद गर्न प्रदेश सरकार र केन्द्र शासित क्षेत्रमा निर्ब्याजी ऋण दिने गरेको। उपभोक्ता हित प्रवर्द्धन गर्न प्रदेश तथा केन्द्र शासित प्रदेशका लागि अधिकतम भा रू २० करोडसम्म दिन सकिने गरी कोषका लागि रकम उपलब्ध गराउने गरेको ।

(८) भुटानले २० वटा वितरण केन्द्रबाट १६५८ मेट्रिक टन सामानको संग्रह र वितरण गर्ने गरेको उल्लेख छ। साथै सार्क खाद्य सुरक्षा कोष र सार्क खाद्य बैंक अन्तरगत १८० मेट्रिक टन खाद्यान्न संग्रह गर्ने गरेको उल्लेख छ। भुटान सरकारको खाद्य तथा पोषण नीति, २०१४ ले भने खाद्य वस्तुको संग्रह तथा वितरण, कृषिजन्य वस्तुको उत्पादन, सञ्चय र सुरक्षा लगायतका मा निकायगत जिम्मेवारीसहितको व्यवस्थाहरू गरेको छ।

(९) बंगलादेशले १९७४ को अनिकाललाई झेल्दै सन् १९९० ताका गरिएको नीतिगत सुधारको माध्यमबाट खाद्यान्न बजारलाई (Grain Market Structure) सरकार र निजी क्षेत्रको सहभागितामा मूल्य स्थिरता र उपलब्धताको स्थायित्व प्रदान गर्न सार्वजनिक वितरण प्रणाली Public Food Distribution System (PFDS) स्थापित गरेको छ। यस अन्तर्गत मूलतः दुर्गम र पिछडिएको ग्रामीण इलाकामा बस्ने जनताहरूको आय आर्जन, ग्रमीण पूर्वाधारहरूको मर्मत (तटबन्ध मर्मत तथा नहर निर्माण), खाद्य तथा पोषण सुरक्षा, प्राथमिक शिक्षामा पहुँच अभिवृद्धि, महिला सशक्तिकरण जस्ता आधारभूत विकासका कार्यक्रमहरूलाई कामका लागि खाद्यान्न कार्यक्रम मार्फत खाद्य सुरक्षासँग जोडेको पाइएको छ।

(१०) नयाँ आपूर्ति नीति तयार गर्दा सार्वजनिक वितरण प्रणालीलाई बढी जोड दिने तथा खाद्य अधिकार तथा खाद्य सुरक्षालाई ध्यानमा राख्दै आपूर्ति नीतिलाई सार्वजनिक वितरण, खाद्य सुरक्षा तथा पोषण नीतिका आधारमा नया नीति तय गर्न उपयुक्त हुने सिफारिस गरिएको छ।

(११) गुणस्तरयुक्त आवश्यक वस्तु तथा सेवा सहज र सुलभ रूपमा आपूर्ति गर्दै खाद्य अधिकार र खाद्य तथा पोषण सुरक्षाको माध्यमबाट उपभोक्ताको हित संरक्षण गर्ने लक्ष्य प्रस्ताव गरिएको छ।

(१२) गुणस्तरयुक्त आवश्यक वस्तु तथा सेवाको सहज र सुलभ आपूर्ति, मूल्य स्थिरता कायम गर्नु, खाद्य अधिकार, स्वच्छता र खाद्य सुरक्षा, वस्तु तथा सेवाको प्रतिस्पर्धात्मक वातावरण कायम, उपभोक्ताको हित र अधिकार संरक्षण जस्ता प्रमुख हरू समेटी उद्देश्य प्रस्तावित गरिएको छ।

(१३) यस्तै नीतिहरू प्रस्ताव गर्दा नेपालको संविधानले व्यवस्था गरेका नीतिलाई सोही बमोजिम राखी अन्य थप नीतिहरू प्रस्ताव गरिएको छ। नयाँ नीति प्रस्तावका आधारहरू उल्लेख गरिएको छ भने ती आधारहरू, संविधानले व्यवस्था गरेको नीति समेतका आधारमा १० वटा नयाँ नीति प्रस्ताव गरिएको छ।

(१४) हाल प्रचलनमा रहेका खाद्य ऐन, २०२३ उपभोक्ता हित संरक्षण ऐन, २०७५ आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ र कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ का व्यवस्थाहरूलाई समयानुकूल हुने गरी र कार्यक्षेत्रको विवाद नहुने गरी यी सबै ऐनहरूमा पुनरावलोकन हुन् जरुरी छ।

(१५) नेपालले संघीयताको अभ्यास गरेको र आपूर्ति नीतिमा संघ, प्रदेश र स्थानीय तहको भूमिका स्थापित गर्न, खाद्य अधिकार सुनिश्चित गर्न र सं. रा. संघको दिगो विकासको लक्ष्यले लिएको भोकमरीको अन्त्य गर्ने लक्ष्य हासिल गर्न आपूर्ति नीति, २०६९ मा पुनरावलोकन आवश्यक भएको निष्कर्ष रह्यो ।

भाग-१

# आपूर्ति नीति, २०६९ पुनरावलोकन अध्ययन प्रतिवेदन, २०७९

## १.१ पृष्ठभूमि (Background):

आपूर्ति नीति वा आपूर्ति व्यवस्थापन समग्र अर्थतन्त्रको दुईवटा पक्ष वस्तु तथा सेवाहरूको उपलब्धता वा उत्पादन र तिनको सुलभ वितरण तथा ती वस्तु तथा सेवाहरूमा उपभोक्ताहरूको सहज पहुँचसँग सम्बन्धित रहेको छ।

कल्याणकारी राज्यको अवधारणा अन्तर्गत नागरिकहरूलाई शिक्षा र स्वास्थ्यको न्यूनतम सुविधा उपलब्ध गराउनुका साथै खाद्य सुरक्षाको प्रत्याभूति गराउन सार्वजनिक वितरण प्रणाली व्यवस्थित गर्दै लगिएको हो। यसले खास गरी सरकारबाट गरिने सार्वजनिक वितरण प्रणालीलाई बढी जोड दिन्छ। सार्वजनिक वितरण प्रणालीका दुई पाटा छन् पहिलो आवश्यक वस्तु तथा सेवाको देशभर सहज र सुपथ मूल्यमा पाउने व्यवस्था सिर्जना गर्नु र दोश्रो अति विपन्न तथा दुर्गम र पिछडिएको क्षेत्रका वासिन्दाको क्रय शक्तिको आधारमा न्यूनतम मूल्यमा वस्तुको उपलब्धता सुनिश्चित गर्नु हो।

देशभित्र उपभोक्तालाई अत्यावस्यक वस्तु तथा सेवा कुनै अवरोधवबिना स्वस्थ प्रतिस्पर्धाका आधारमा सहज, पर्याप्त, सुलभ र गुणस्तरीय रूपमा उपलब्ध गराउने उद्देश्यका साथ आपूर्ति नीति, २०६९ जारी भएको करिव ९ वर्ष भएको छ। यस नीति कार्यान्वयनमा आएपछि मुलुक संघीय संरचनामा गई तीन तहको सरकारले काम गरेको पनि चार वर्ष नाघेको छ। नीति जारी भए पछि आएको २०७२ सालको महाभूकम्प, लगतै संविधान जारी भए पछिको नाकाबन्दी, र गत दुई वर्षदेखि कोभिड-१९ का कारण भएको वस्तु तथा सेवा आपूर्तिमा केही असहजपन जस्ता आपूर्तिजन्य चुनौतीहरू समेत आइपर्यो। यस अवधिमा भएका महत्वपूर्ण राजनैतिक, प्राकृतिक र मानव सिर्जित घटनाहरूले यस अघि अपनाइ आएको नीतिहरूमा पनि समय सापेक्ष सुधार महसुस भएको छ। यससँग सम्बन्धित विभिन्न पक्षहरूको समयानुकूल विश्लेषणका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको एक्लो प्रयत्नले मात्र नीतिगतरूपमा प्रभावकारी तवरले सम्बोधन गर्न अपर्याप्त हुन सक्छ। नेपालको संविधान, पन्ध्रौं योजना तथा दिगो विकास लक्ष्यमा भएका व्यवस्थाहरू अनुकूल हुने गरी आपूर्ति नीतिहरूमा समसामयिक संशोधन गरी कार्यान्वयन गर्न; कोभिड-१९ पछिको अवस्थाले आपूर्ति सम्बन्धी सोच, लक्ष्य, नीति, रणनीति, कार्यनीतिहरूमा समयसापेक्ष परिमार्जन गर्न र सो अनुरूप सुधारका प्रमुख क्षेत्रहरू तय गरी क्षेत्र विशेष नयाँ कार्यक्रमहरू कार्यान्वयन गर्ने समसामयिक नीतिगत आधार निर्माण गर्ने यो उपयुक्त समय हो।

राष्ट्रिय नीतिहरूको नियमित रूपमा समीक्षा, पुनरावलोकन तथा मूल्यांकन गरी नीतिहरूलाई समय सापेक्ष रूपमा अद्यावधिक एवम् परिमार्जन गर्नुपर्दछ। नीतिको परीक्षण, मूल्यांकन एवम् पुनरावलोकन गर्ने कार्य अवधारणागत एवम् प्रक्रियागतरूपले अन्तरसम्बन्धित हुन्छ। कुनै नीतिको तर्जुमा गर्दा सो नीतिको मूल्यांकन र पुनरावलोकन पनि गर्नुपर्दछ। सामान्यतया: पाँच पाँच वर्षमा नीतिहरू पुनरावलोकन गर्ने अभ्यास रहेको पाइन्छ। आपूर्ति नीति २०६९ को दफा १५ मा प्रत्येक वर्षमा सो नीति कार्यान्वयनको मूल्यांकन गरी आवश्यकतानुसार नीतिमा समसामयिक पुनरावलोकन तथा सुधार गरिनेछ भन्ने व्यवस्था छ। राष्ट्रिय योजना आयोगको एउटा प्रमुख कार्य नेपाल सरकारका नीति तथा कार्यक्रमहरूको मूल्यांकन गर्नु गराउनु पनि हो। गत मन्त्रालयहरू आफै कार्यान्वयन निकाय भएकोले आपूर्ति नीतिको परीक्षण, मूल्यांकन एवम् पुनरावलोकन

गर्ने कार्यको संयोजन राष्ट्रिय योजना आयोग मार्फत हुनु सैद्धान्तिक रूपले उपयुक्त हुन्छ। यसै पृष्ठभूमिमा राष्ट्रिय योजना आयोगका लागि आपूर्ति नीति, २०६९ को पुनरावलोकन गर्न लागिएको हो।

### १.२ अध्ययनको उद्देश्य (Objective of the Study):

यस पुनरावलोकन कार्यका उद्देश्यहरू देहाय बमोजिम छन् :-

- आपूर्ति नीति, २०६९ को पुनरावलोकन गर्ने;
- समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न आपूर्ति सम्बन्धी व्यवस्था खास गरी खाद्य सुरक्षाका नीति, कार्यक्रम तथा कार्ययोजनाहरूको पहिचान गर्ने;
- नेपालको संविधान, पन्ध्रौं योजना तथा दिगो विकास लक्ष्यमा भएका व्यवस्थाहरू अनुकूल हुने गरी आपूर्ति सम्बन्धी मौजुदा नीति, रणनीति वा कार्यनीतिमा गर्नुपर्ने सुधारको लागि सुझाव प्रदान गर्ने;
- आपूर्ति सम्बन्धी विश्वव्यापी प्रवृत्तिहरू, क्षेत्रीय प्रवृत्तिहरू (Regional Trends), र राष्ट्रियस्तरमा विद्यमान अवस्था र सुधारका बाबजुद विद्यमान जोखिमहरू विश्लेषण गरी यस सम्बन्धी नीतिगत सिद्धान्त र वास्तविक व्यवहार, अभ्यास, चलनबीच रहेका असमञ्जस्यता र अन्तरविरोधहरू हल गर्ने उपायहरूको खोजी गर्ने; र
- संविधान, कानुन र नीतिहरूमा मौजुदा आपूर्ति सम्बन्धी नीतिगत व्यवस्था, कार्यक्रम र अभ्यासहरूको परीक्षण, मूल्यांकन, विश्लेषण र पुनरावलोकन गरी परिमार्जन गर्न आवश्यक सुझावहरू प्रदान गर्ने र सो को प्रस्तुतीकरण तयार पार्ने।

### १.३ मुख्य कार्यहरू तथा क्षेत्र (Functions and Scope):

यस पुनरावलोकनका मुख्य कार्य तथा क्षेत्रहरू देहायबमोजिम हुनेछन् :-

- आपूर्ति नीति २०६९ को लक्ष्य, उद्देश्य, नीति, रणनीति, कार्यनीति, संरचनागत व्यवस्था आदिको कार्यान्वयनबाट प्राप्त उपलब्धिको लेखाजोखा गरी कोभिड-१९ पछिको बदलिदो परिप्रेक्ष्यमा ती नीतिहरूको उपयुक्तता, सान्दर्भिकता र प्रभावकारीताको आधारमा पुनरावलोकन गर्ने;
- राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरमा प्रचलित नीति पुनरावलोकनको अवधारणा, ढाँचा, विधि, पद्धति, मापदण्ड कार्यविधि तथा कार्य प्रवाह ढाँचा अनुरूप यस सम्बन्धी विज्ञ, सरोकारवाला निकायका प्रमुख तथा पूर्वप्रमुखहरू र अन्य प्रमुख जिम्मेवार सूचनादाताहरूसँग तथ्य तथ्यांक संकलन गरी सो को विश्लेषण गरी आपूर्ति सम्बन्धी क्षेत्रले भावी दिनमा अख्तियार गर्नु पर्ने नीति, रणनीति, कार्यनीतिहरू तथा कार्यक्रमहरू बारे सुझाव प्रदान गर्ने।

### १.४ अध्ययन विधि (Methodology) :

आपूर्ति नीति २०६९ को अध्ययन गर्दा देहायको विधि अपनाइएको छ:

- नीति तर्जुमा, विश्लेषण, मूल्यांकन तथा पुनरावलोकनसँग सम्बन्धित साहित्य र दस्तावेजहरूको अध्ययन, अवलोकन, विश्लेषण र  राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय प्रचलन, स्तरीय मापदण्ड आदि,
- आपूर्ति नीति, २०६९ को कार्यान्वयनसँग सम्बन्धित सामग्रीहरूको अध्ययन र मन्त्रालयसँग परामर्श,
- आपूर्ति  सम्बन्धी नीतिले समेटनुपर्ने तथा सम्बोधन गर्नुपर्ने क्षेत्र, प्राथमिकता, आधार वा बहुप्रचलित प्रमुख सूचकहरू र मुख्य एवम् सहयोगी पक्ष, तत्व, संवाहक र अवरोधहरूको पहिचान र छनौट;
- सरोकारवालाहरू, विज्ञ समूह र प्रमुख सूचनादाताहरू सँग संवाद, सुझाव, सल्लाह, छलफल, अन्तरक्रिया तथा अन्तरवार्ता;
- नीति पुनरावलोकनको मुख्य आधारको रूपमा रहेका सूचनाहरू एकत्रित, परिमार्जन र विश्लेषण,
- अध्ययनबाट प्राप्त सुझावहरू आयोगमा गठित समितिहरूमा छलफल / अन्तरक्रिया गरेर परिमार्जन गरी अन्तिम रूप दिइएको ।

### १.५  प्रमुख उपलब्धिहरू (Deliverables):

आपूर्ति  नीति, २०६९ को पुनरावलोकन सहितको अध्ययन प्रतिवेदन तयार हुनेछ।

### १.६ प्रतिवेदनको ढाँचा :

प्रतिवेदनलाई मुख्य रूपमा चार भागमा प्रस्तुत गरिएको छ। पहिलो भागमा परिचय खण्ड रहेको छ। यसमा मुख्यतया पृष्ठभूमि, अध्ययनको उद्देश्य,  मुख्य कार्य तथा क्षेत्र, अध्ययन विधि, अध्ययनको सीमा उल्लेख गरिएको छ। दोस्रो खण्डमा नेपालको संवैधानिक व्यवस्था, कानुनी व्यवस्था र सम्बन्धित नीतिहरूबारे चर्चा गर्ने प्रयास गरिएको छ। यस खण्डमा नेपालमा आपूर्ति सम्बन्धी व्यवस्था, आपूर्ति नीति सम्बन्धमा नेपाल सरकारका कार्यक्रमको प्रगति तथा नीतिहरूको प्रगतिको संक्षेपमा समिक्षा गरिएको छ। तेस्रो खण्डमा आपूर्ति नीतिका सन्दर्भमा केही मुलुकको व्यवस्थाबारे चर्चा गरिएको छ। यसमा मूलतः भारत, बंगलादेश तथा भुटानको उपलब्ध भए सम्मको नीतिको चर्चा गरिएको छ। खण्ड चारमा प्रस्तावित नीतिको उद्देश्य, मुख्य मुख्य नीतिहरू, सिफारिस  र निष्कर्ष उल्लेख गरिएको छ।

### १.७ अध्ययनको सीमा:

अध्ययनको लागि द्वितीय स्रोतका (Secondary source) सूचनाहरूको प्रयोग गरिएको छ। अध्ययनलाई दिइएको समय सीमा र बजेट संरचनाका कारण स्थलगत अध्ययन गर्न सकिएन। यस्तै द्वितीय स्रोतबाट प्राप्त सूचनामा पनि अध्ययनका लागि उपयोगी सूचनाहरूको कमी रह्यो।

# भाग-२

# आपूर्ति नीतिसँग सम्बन्धित कानून तथा अन्य नीति

## २.१ नेपालको संवैधानिक तथा कानूनी व्यवस्था:

नेपालको संविधानको धारा ३५(४) को स्वच्छ पिउने पानीको पहुँचमा हक तथा ३६ को खाद्य सम्बन्धी हक, धारा ५१ को (घ७), (छ३), (ज१२) र (ज१३) मा भएका नीतिसँग सम्बन्धितले देशको आपूर्ति व्यवस्थालाई विशेष रूपले सम्बोधन गर्नुपर्ने व्यवस्था गरेको छ। संविधानको मौलिक हकमा प्रत्याभूत गरिएका व्यवस्थाहरूको कार्यान्वयनसँग सम्बन्धित केही पक्षहरू आपूर्ति वा साधनको न्यायोचित वितरण प्रणालीसँग सम्बन्धित छ। संविधानले तीन तहको सरकारको अवधारणा राखेको र संविधान जारी भए पछि २०७४ सालको बैशाख देखि चरणबद्ध रूपमा तिनै तहको सरकार सञ्चालनमा आएको पनि करिब पाँच वर्ष पुग्न लागि दोस्रो कार्यकालको लागि चुनावको मिति समेत घोषणा भै सकेको अवस्था छ। संविधानमा भएका मौलिक हक पुरा गर्नु सरकारको कर्तव्य भए पनि मौलिक हकका यी दुई व्यवस्था भने आपूर्ति नीतिसँग पनि प्रत्यक्ष सम्बन्ध राख्दछ। जुन यस प्रकार रहेको छ:

- संविधानको धारा ३५(४): प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक हुनेछ।
- धारा ३६ खाद्य सम्बन्धी हक: (१) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ।
  (२) प्रत्येक नागरिकलाई खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ।
  (३) प्रत्येक नागरिकलाई कानुन बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ।

यस्तै संविधानको विभिन्न धारामा आपूर्ति व्यवस्थालाई प्रभाव पर्ने अन्य विभिन्न नीतिहरूको व्यवस्था पनि गरिएको छ।

- धारा ५१ (घ७): कालाबजारी, एकाधिकार, कृत्रिम अभाव गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिष्पर्धी बनाइ व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने।
- धारा ५१ (छ३): नवीकरण ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने।
- ५१ (ज१२): कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकुलको खाद्यान्न उत्पादलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने।
- धारा ५१ (ज१३): आधारभूत वस्तु तथा सेवामा सवै नागरिकको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनाबद्ध आपूर्तिको व्यवस्था गर्ने ।

आपूर्ति सम्बन्धी यी नीतिहरू कार्यान्वयन गर्न संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय तहको सामुहिक प्रतिबद्धता र समन्वयात्मक सहकार्य जरुरी छ। संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा अनुसूचीत

भएका संघ, प्रदेश र स्थानीय तहको कार्य क्षेत्रमा अनुसूची ७ को साझा अधिकार अन्तर्गत क्रम संख्या २ मा अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र नियमन जस्ता विषयहरू उल्लेख भए अनुसार आपूर्ति व्यवस्थापनमा संघ र प्रदेशको प्रत्यक्ष संलग्नता हुनु पर्ने देखिएको छ।

(क) **नेपालमा आपूर्ति नीति सम्बन्धी ऐतिहासिक पृष्ठभूमि**: नेपालमा पनि १९६० को दशकमा धेरै जिल्ला सदरमुकाम तथा ईलाका कार्यालयहरूमा खाद्य गोदामहरू बनाइए। अनिकाल र भोकमरि हटाउन खाद्य संस्थानमार्फत तराई मधेशबाट चामल दाल जस्ता खाध्यान्न लगेर गोदाममा भण्डारण गरिन्थो। ढुवानि भाडा सरकारले व्यर्होथ्यो र नागरिकहरूले सहुलियत मूल्यमा खाध्यान्न पाउँथे। नेपालका दुर्गम २३ जिल्लाहरूमा अहिले पनि खाद्य व्यवस्था तथा व्यापार कम्पनीमार्फत सहुलियत दरमा चामल बिक्री गर्ने प्रवन्ध रही आएको छ। यस्तै नुनको हकमा साल्ट ट्रेडिङ कम्पनीमार्फत सहुलियत दरमा नुन आपूर्तिको कार्य हुँदै आएको छ।

सं.रा.संघले निर्धारण गरेको दिगो विकासको लक्ष्य नं २ पछ्याउने क्रममा नेपालले पनि भोकमरी हटाउने, खाद्य सुरक्षा कायम गर्ने, पोषणमा सुधार र दिगो कृषि प्रवर्धन गर्ने मा सन् २०३० सम्ममा हासिल गर्नु पर्ने लक्ष्यहरू निर्धारण गरेको छ। यस अन्तर्गत निम्न पांच प्रमुख क्रियाकलाप तोकिएको छ:

(क) सबै नागरिकलाई वर्षैभरि सुरक्षित, पोषणयुक्त र पर्याप्त खाना उपलब्ध गराई भोकमरीको अन्त्य गर्ने,

(ख) सबै प्रकारका कुपोषणको अन्त्य गर्ने,

(ग) कृषिको उत्पादकत्व र साना किसानको आय दोब्बर बनाउने,

(घ) असल र गतिशील कृषिका अभ्यासमार्फत दिगो कृषि उत्पादन प्रणालीको प्रवर्धन गर्ने,

(ङ) सन् २०२० सम्मका स्थानीय बिउ, बिजन, बिरूवा, खेतीपातीका बालीहरू, रैथाने पशु र तिनका जंगली प्रजातिहरूको विविधता जगेर्ना गर्दै बिउ बिजन तथा बिरूवाको बैंक प्रादेशिक, राष्ट्रिय र अन्तरराष्ट्रिय रूपमा व्यवस्थापन गर्ने।

कृषि क्षेत्रको न्यून उत्पादकत्वको कारण नेपालको खाद्य सुरक्षाको स्तर विश्वमा न्यून खाद्य सुरक्षा रहेका देशहरूको बर्गमा परेको छ। यस सम्बन्धी अध्ययनमा नेपालले १०० मध्ये ४५ अंक मात्र प्राप्त गरेको छ जस्लाई सन् २०३० सम्ममा ९० अंक पुर्याउने लक्ष्य राखिएको छ। नेपालले आपूर्ति वा सार्वजनिक वितरण प्रणालीको सञ्चालन मूलरूपमा निजी क्षेत्रको सहभागितामा गरी आएको छ। चामल, गहुँको थोरै परिमाणमा "खाद्य व्यवस्था तथा व्यापार कम्पनी" (साविकको खाद्य संस्थान) मार्फत खरिद गरी दुर्गम क्षेत्रमा वितरण गर्ने गरिएको छ भने नेपाल आयल निगम मार्फत पेट्रोलियम पदार्थको आयात गरि वितरण गर्ने गरिएको छ। यस बाहेक नुनको लागि साल्ट ट्रेडिङ कर्पोरेशन मार्फत ढुवानी तथा वितरण हुँदै आएको छ। चामल ढुवानी र नुन ढुवानीमा सरकारले अनुदान दिई आएको छ भने पेट्रोलियम पदार्थ बिक्री गर्दा प्रति लिटर रू १ मूल्य स्थिरीकरण कोषमा जम्मा गरी समय समयमा अन्तराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको बढेको मूल्यलाई सोहि कोषबाट क्षतिपूर्ति हुने गरी मूल्य वृद्धिलाई नियन्त्रण गर्ने प्रयास गरेको तर प्रत्यक्ष रूपमा बजेट मार्फत अनुदान भने उपलब्ध गराएको छैन। यी तीन प्रकारबाट दिइने अनुदान बाहेक विकास निर्माणका कार्यक्रम अन्तर्गत कामका लागि खाद्यान्न दिने कार्यक्रम पनि विगतका वर्षहरूमा सञ्चालन गर्ने गरिएको तर हाल त्यस प्रकारको कार्यक्रम सञ्चालनमा रहेको छैन। अहिले सरकारले न्यूनतम रोजगारीको अवधारणा अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत बेरोजगारहरूलाई १०० दिनको रोजगारी दिने व्यवस्था गरेको छ।

आवश्यक पदार्थ ऐन, २०१७ ले उल्लेख गरेको धान, चामल, गहुँ, मकै, कोदो जौ र तिनको पिठो मैदा र त्यस्तै किसिमको अरू खाद्यान्न, रहर, मुगी, मास, चना, भटमास र तिनको पिठो, दुध र दुग्धजन्य खाद्य पदार्थ, तेलहन, लत्ता कपडा, नुन औषधि लगायतका १३ प्रकारका वस्तुहरूको खरिद तथा वितरण प्रणालीलाई पूर्णत: खुला बजार प्रणालीमा छोडिएको छ। सरकारसँग सार्वजनिक यातायात वा ढुवानीको कुनै संस्था नै छैन। विगतमा सञ्चालनमा आएको नेपाल यातायात संस्थान विघटन भएको छ भने सहकारीमा आधारित साझा यातायात कहिले चल्ने, कहिले बन्द हुने र कहिले चल्ने चक्रमै रूमलिएको छ। खाद्यान्न ढुवानीमा निजी क्षेत्रबाट संचालित यातायातको प्रयोग हुँदै आएको छ। लजिस्टिक प्रणालीको (Logistic System) कुनै निकायनै छैन। वस्तु वा सेवाको उत्पादन, वितरण र बिक्री सबैमा निजी क्षेत्रको स्वामित्व रहेको छ। संयोगले नेपालले वस्तु वा सेवाको आपूर्ति व्यवस्थामा आन्तरिक कारणबाट ठुलो चुनौती व्यहोर्नु नपरेको इतिहास छ।

वाणिज्य विभागलाई वस्तु तथा सेवाको नियमन गर्ने जिम्मेवारी तोकिएको छ। उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार विभागले उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकारको संरक्षण गर्न अनुगमन गर्ने र कसुरको मात्रा अनुरूप मुद्दा दायर गर्ने सम्मको कार्य गर्न सक्नेछ। यसका साथै वस्तु वा सेवाको पंहुचमा अधिकार, स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवा छनौटको अधिकार, वस्तु तथा सेवाको मूल्य, परिमाण, शुद्धता, तथा गुणस्तरबारे सुचित हुने अधिकार लगायत वस्तु तथा सेवाको उपयोगबाट भएको हानी, नोक्सानी क्षतिपूर्ति पाउने व्यवस्थाका लागि समेत उपभोक्ता सचेतना कार्यक्रम मार्फत जनचेतना प्रवर्धन गर्न सक्ने व्यवस्था छ। वस्तु तथा सेवाको मूल्य, गुणस्तर, नापतौल, लेबल, विज्ञापन आदिको नियमित नियमन गरी बजार व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको वार्षिक प्रतिवेदन २०७७/७८ तथा २०७६/७७ अनुसार आपूर्तिका क्षेत्रमा वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका प्रमुख कार्यहरू र सो को प्रगति यस प्रकार रहेको देखियो।

**तालिका-१**

| **नीति/कामको विवरण** | **आर्थिक वर्ष २०७७/७८** | **आर्थिक वर्ष २०७६/७७** |
|---|---|---|
| सार्क खाद्य सुरक्षा बैंक र राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा नेपालको तर्फबाट गर्नुपर्ने योगदान बढाइनेछ। आपूर्ति सम्बन्धी सार्वजनिक संस्थानको भण्डारण क्षमता बढाई खाद्य वस्तुको सहज उपलब्धता र मूल्य नियन्त्रण गरिनेछ। सङ्घ तथा सबै प्रदेशमा गरी ३ लाख १० हजार मेट्रिक टन क्षमताको भण्डारण गृह निर्माण तथा व्यावसायिक | • सार्क खाद्य सुरक्षा बैंक र राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा मौज्दातको व्यवस्था गर्न २७,७९१.१०२ मे.टन धान र १,७६५ मे.टन चामल खरिद भएको<br>• तोकिएका २३ दुर्गम जिल्लाहरूमा १६,६५७.६ मे.टन खाद्यान्न ढुवानी गरिएको।<br>• दशैं, तिहार र छठ पर्वलाई लक्षित गरी उपभोक्तालाई दैनिक अत्यावश्यक उपभोग्य खाद्य वस्तुहरू सरल, सहज र सहुलियत मूल्यमा उपलब्ध गराउन | • दुर्गम क्षेत्रमा १४,४३० मे.टन खाद्यान्न र ७४,९९७ क्विन्टल नुन ढुवानी भएको।<br>• असार मसान्त सम्म कूल १४,२४५ मे.टन खाद्यान्न मौज्दात रहेको।<br>• सहकारी मार्फत ३८.८ मेट्रिक टन सहुलियत दरमा खाद्यान्न बिक्री गरेको |

| | | |
|---|---|---|
| बिक्री कक्ष स्थापना गरिनेछ। सबै स्थानीय तहमा खाद्य भण्डार स्थापना गर्न प्रोत्साहित गरिनेछ। विकट पहाडी तथा दुर्गम जिल्लामा खाद्यान्न र आयोडिनयुक्त नुन ढुवानी अनुदानलाई निरन्तरता दिइनेछ। | विभिन्न ३१ स्थानमा सहुलियत पसल सञ्चालनमा ल्याएको।<br>• ७ दुर्गम जिल्लाहरूको ५३ स्थानमा फाल्गुण मसान्तसम्म ९३,९८४ क्वीन्टल नुन ढुवानी गरिएको। | |
| नेपाल आयल निगम मार्फत पेट्रोलियम पाइपलाइन विस्तार, पेट्रोलियम भण्डार तथा ग्याँस बोटलिङ प्लान्ट स्थापना गरिनेछ। | • वाराको अंमलेखगञ्जदेखि चितवनको लोथरसम्म पेट्रोलियम पाइपलाइन निर्माण, सिलगुडी झापा पाइपलाइन परियोजना निर्माण, झापाको चारआलीमा पेट्रोलियम भण्डार गृह निर्माण गर्न नेपाल आयल निगम लिमिटेड र इण्डियन आयल कर्पोरेसन लिमिटेडका प्राविधिक कर्मचारीहरूको संयुक्त अध्ययन समूहले प्रतिवेदन तयार गरी निगम व्यवस्थापनमा पेश गरेको।<br>• वाराको अंमलेखगञ्जदेखि चितवनको लोथरसम्म पेट्रोलियम पाइपलाइन निर्माण र झापाको चारआलीमा पेट्रोलियम भण्डार गृह निर्माण गर्न नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश भएको।<br>• नेपालगञ्जमा पेट्रोलियम भण्डारण क्षमता अभिवृद्धि गर्न जग्गा प्राप्तिको कार्य प्रारम्भ भएको। | नेपाल आयल निगमबाट झापा, चितवन, सर्लाही र रूपन्देहीमा पेट्रोलियम पदार्थ भण्डारणका लागि काम अघि बढाएको। |
| बजार अनुगमन तथा आपूर्ति व्यवस्था सुदृढीकरण | • आपूर्ति व्यवस्था सुदृढ बनाउन तथ्याङ्क प्रणालीको विकास गर्न Integrated Trade and Supply Management Information System (ITSMIS) सम्बन्धी सफ्टवेयर निर्माण गरिएको।<br>• उपभोक्ता अदालत गठनको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा अनुरोध गरेको र कार्यविधिको मस्यौदा तयार भएको। | • वस्तुहरूको आयात निर्यात व्यवस्थित गर्न मिति २०७६।३।२ मा सुचित आदेश जारी भएको।<br>• अनुगमनलाई प्रभावकारी बनाउन ७७ जिल्लामा निरीक्षण अधिकृत तोकिएको<br>• गहुँको न्यूनतम समर्थन मूल्य रू ३,०१५ प्रति |

| | | |
|---|---|---|
| | • खाद्यान्न तथा नुन भण्डारणमा रहेका क्षेत्रहरूको अवस्थाको अध्ययन/ विश्लेषण गर्ने कार्य गरी ६ जिल्लाबाट प्रतिवेदन प्राप्त भई कार्यान्वयन गरिएको।<br>• वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट २,९७४ वटा व्यवसायिक फर्ममा अनुगमन गरिएको, ३८ व्यावसायिक फर्महरूको कारोबार रोक्का तथा शिलबन्दी गरिएको, १९ जना व्यक्तिलाई अनुसन्धानको लागि नियन्त्रणमा लिइएको, १,५७९ वटा फर्म तथा कम्पनीहरूलाई सुधारका लागि निर्देशन दिएको। रू. २,३९,८२,०००/- जरिवाना र रू ३,७३,८४,७०१/- मूल्य बरावरको उपभोग्य म्याद समाप्त भएको वस्तुहरू नष्ट गरिएको।<br>• ३७ वटा वस्तुहरूको गुणस्तर परीक्षणका लागि नमुना सकंलन गरी सम्बन्धित निकायहरूमा पठाइएको।<br>• ७ वटै प्रदेश सरकारका उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, जिल्ला प्रशासन कार्यालय, महानगरपालिका विभाग मातहतको कार्यालयमा तोकिएका कुल ११६ निरीक्षण अधिकृत हरूलाई बजार अनुगमन सम्बन्धी तालिम प्रदान गरिएको। | क्विन्टलका दरले ५५९ क्विन्टल गहुँ खरिद तथा २१,१८५ मे टन धान खरिद<br>• कोभिड १९ को कारण बन्दाबन्दी भएको अवस्थामा आपूर्ति व्यवस्था सहज बनाएको<br>• खाद्य व्यवस्था तथा व्यापार कम्पनीबाट ५,०४४ मे टन र साल्ट ट्रेडिङ कम्पनीबाट १,०८१ मे टन चामल लगायत खाद्यान्न सहुलियत दरमा बिक्री<br>• वाणिज्य तथा उपभोक्ता संरक्षण विभागबाट १,८७१ फर्मको अनुगमन गरी ५८३ वटालाई जरिवाना गरी रू ३,४७,३३,५०० जरिवाना र १८ वटा वस्तुको गुणस्तर परिक्षण गरेको।<br>• ५२ वटा विद्यालयमा उपभोक्ता जागरण कार्यक्रम सञ्चालन<br>• प्रदेश र स्थानीय तहमा ६० वटा उपभोक्ता जागरण कार्यक्रम सञ्चालन |

उपरोक्त प्रगति विवरणले पनि आपूर्तिका क्षेत्रमा नियमित काम बाहेक नीति प्रस्थान गर्ने गरी कुनै काम भएको देखिएन।

### २.२ पन्ध्रौँ योजनामा आपूर्ति व्यवस्था:

पन्ध्रौँ योजनाले आपूर्तिको सोच, उद्देश्य र नीतिका सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरेको छ।

**सोच** : प्रभावकारी, सहज, स्वचालित र जिम्मेवार आपूर्ति प्रणाली तथा उपभोक्ताको संरक्षण।

**लक्ष्य**: गुणस्तरीय वस्तु तथा सेवाको सहज, सर्वसुलभ र नियमित आपूर्ति व्यवस्था सुनिश्चित गरी उपभोक्ता हित संरक्षण तथा आपूर्ति प्रणालीमा नागरिकको पहुँच सहज बनाउने।

**उद्देश्य**: आपूर्ति नीतिको पहिलो उद्देश्य उपभोग्य वस्तु तथा सेवा अत्यावश्यक, औषधि तथा उपकरण,पेट्रोलियम पदार्थ लगायतका वस्तु तथा सेवाको देशव्यापी रूपमा सर्वसुलभ आपूर्ति सुनिश्चित गर्नु रहेको छ भने बजार प्रणालीलाई स्वच्छ, प्रतिष्पर्धी र उपभोक्ताप्रति जिम्मेवार बनाउने दोस्रो उद्देश्य रहेको छ।

**नीति:** पन्ध्रौँ योजनामा आपूर्तिका सम्बन्धमा उल्लेख भएका नीतिहरू यस प्रकार छन:

- आपूर्ति व्यवस्था, प्रतिस्पर्धा प्रवर्धन र उपभोक्ता हित सम्बन्धी नीति, ऐन कानुनको प्रभावकारी कार्यान्वयन गर्ने
- आपूर्ति व्यवस्थामा संलग्न संस्थानहरूको संस्थागत तथा संरचनागत सुदृढीकरण गर्ने,
- आपूर्ति अनुगमन प्रणालीको विकास गरी प्रभावकारी कार्यान्वयन गर्ने,
- आधारभूत आवश्यकता तथा अत्यावश्यक वस्तु लगायतका सबै वस्तु तथा सेवाको बजारमा उपलब्धता तथा गुणस्तरमूल्य र आपूर्तिमा पारदर्शिता कायम गरी कृत्रिम अवरोध र अभावको अन्त्य गरिनेछ।

यस्तै यी नीतिहरू कार्यान्वयन गर्न नीति १ अन्तर्गत तीन वटा कार्यनीति, नीति २ अन्तर्गत पांच कार्यनीति, नीति ३ अन्तर्गत चार कार्यनीति र नीति ४ अन्तर्गत चार वटा कार्यनीति गरी कुल १६ वटा कार्यनीति रहेको छ। यस्तै अपेक्षित उपलब्धिहरूमा ७१.६ क्विन्टल नून ढुवानी, २५ हजार टन खाद्यान्न ढुवानी र ९० दिनको पेट्रोलियम पदार्थको ढुवानीको क्षमता भएको हुनु पर्नेछ। यस्तै पेट्रोलियम पदार्थको पाइपलाइन चितवनसम्म विस्तार भएको हुने उल्लेख छ।

पन्ध्रौँ योजनाले लिएको लक्ष्यमा नून ढुवानीको लक्ष्य पुरा भएको छ भने सो बाहेकका लक्ष्य पुरा हुने स्थिति देखिएको छैन। ९० दिनको पेट्रोलियम पदार्थको ढुवानीका सन्दर्भमा सो को पूर्वाधारलाई ३० दिनसम्म पुग्ने गरी नेपाल आयल निगमले संशोधन गरेको अवस्था छ भने चितवनसम्मको पूर्वाधार विस्तारका लागि सम्झौता भएको अवस्था छैन।

## २.३ आपूर्ति सँग सम्बन्धित ऐनहरू:

आपूर्तिसँग सम्बन्धित केही ऐनहरूको व्यवस्था यस सन्दर्भमा अध्ययन गर्न आवश्यक हुन्छ। ती ऐनमा भएका व्यवस्थाहरूको सफल कार्यान्वयनले समेत वस्तु तथा सेवाको प्रवाह, उपलब्धता र मूल्यमा प्रभाव पार्ने हुन्छ। ती प्रभावहरूको सकारात्मक वा नकारात्मक असरले वस्तुको मूल्य र वितरण प्रणालीमा असर त पार्छ नै संगसंगै न्यून आय भएका परिवारलाई पनि यसले नकारात्मक असर पर्न गएमा थप गरिवी बढ्न जाने देखिएको छ। यस सन्दर्भमा ती ऐनहरूको व्यवस्थाबारे यसपछि संक्षिप्त चर्चा गरिएको छ।

**(क) उपभोक्ता संरक्षण ऐन, २०७५**: गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारलाई संरक्षण गर्ने प्रमुख उद्देश्यका साथ यो ऐन जारी भएको पाइन्छ। ऐनको दफा ३ ले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकारको सुनिश्चितता गरेको छ। यसको लागि वस्तु वा

सेवाको पंहुचमा अधिकार, स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवा छनौटको अधिकार, वस्तु तथा सेवाको मूल्य, परिमाण, शुद्धता, गुणस्तरबारे सुचित हुने अधिकार लगायत वस्तु तथा सेवाको उपयोगबाट भएको हानी, नोक्सानी क्षतिपूर्ति पाउने अधिकार र कानुनी उपचारको अधिकार समेतको व्यवस्था रहेको छ। यस्तै दफा ४ मा उपभोक्ताको अधिकार संरक्षण गर्न सरकारले वस्तु तथा सेवाको मूल्य, गुणस्तर, नापतौल, लेबल, विज्ञापन आदिको नियमित नियमन गर्ने व्यवस्था समेत सुनिश्चित गरेको छ। दफा ७ देखि १२ सम्म उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता, सेवा प्रदायकले पुरा गर्नु पर्ने दायित्वको समेत कानुनी व्यवस्था रहेको छ। यस्तै दफा १६ ले अनुचित व्यापार तथा व्यवसाय गर्न नहुने प्रावधान राखेको छ भने दफा २२ मा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीको अध्यक्षतामा एक उपभोक्ता संरक्षण परिषद् गठन हुने व्यवस्था गरेको छ। दफा २५ अनुसार केन्द्रीय बजार अनुगमन समिति, दफा २७ अनुसार प्रदेश बजार अनुगमन समिति र दफा २८ अनुसार स्थानीय बजार अनुगमन समिति गठन गरिने र ती निकायहरूले आफ्नो क्षेत्र अन्तर्गत अनुगमन संयन्त्र गठन गर्ने समेतको व्यवस्था रहेको छ। दफा ३० ले मन्त्रालय वा विभागले बजार निरीक्षण गर्न लगाउन सक्ने र निरीक्षण अधिकृतको समेत व्यवस्था गरेको छ। ऐनले प्रशासनिक दण्ड सजायको व्यवस्थाका साथै उपभोक्ता अदालत समेत गठनको व्यवस्था गरेको छ तर हाल सम्म उपभोक्ता अदालत भने गठन हुन सकेको छैन। यस ऐनको अर्को प्रमुख विशेषता भनेको क्षतिपुर्तिको व्यवस्था हो। ऐन विपरीत हुने गरी कसैले वस्तु वा सेवा बिक्री वितरण गरेको कारणबाट कुनै उपभोक्तालाई शारीरिक, मानसिक. भौतिक, आर्थिक, वा अन्य किसिमको हानी नोक्सानी हुन् गएमा वा वस्तुको त्रुटीपूर्ण उत्पादनको कारणबाट उपभोक्तालाई हानी नोक्सानी भएकोमा निज उपभोक्ता वा निजको तर्फबाट उपभोक्ता संस्था वा उपभोक्ताको हकवालाले क्षतिपूर्ति भराउन सक्नेछ। यस प्रकार उपभोक्ता संरक्षण ऐन, २०७५ आम उपभोक्ताका लागि गुणस्तरीय वस्तु वा सेवा प्राप्ति गर्न एक प्रमुख माध्यमको रूपमा आएको छ।

**(ख) आवश्यक पदार्थ (नियन्त्रण ऐन), २०१७:** यस ऐनले सर्वसाधारण जनताको सुविधा कायम राख्न, सामाजिक चलन व्यवहार र आहारको खाद्यान्न, मालसामानको वितरण, बिक्री र व्यापारमा समय समयमा कडा नियन्त्रण गर्न र आवश्यक कडाई गर्न (नियन्त्रण) बनेको ऐन हो। ऐनको परिभाषाले आवश्यक पदार्थ भन्नाले " धान र चामल, गहुँ, मकै, कोदो जौ र तिनको पिठो मैदा र त्यस्तै किसिमको अरू खाद्यान्न, रहर, मुगी, मास, चना, भटमास र तिनको पिठो, दुध र दुग्धजन्य खाद्य पदार्थ, तेलहन, लत्ता कपडा, नुन औषधि लगायतका १३ प्रकारका वस्तुहरू र नेपाल सरकारले समय समयमा राजपत्रमा प्रकाशित गरेको वस्तु उल्लेख छ। ऐनको दफा (३) को उपदफा (१) अनुरूप सरकारले आवश्यक कुनै वस्तुको वितरण बढाउन, कायम राख्न वा सामान वितरण गराउन वा सुपथ मूल्यमा उपलब्ध गराउन नेपाल सरकार वा प्रदेश सरकारले सुचित आदेशको माध्यमबाट त्यस्तो तोकिएको ठाउँमा वस्तुको उत्पादन, नियन्त्रण वा नियमन गर्न सक्ने व्यवस्था गरेको छ। यस्तै उपदफा ३(२) ले भने उपदफा ३(१) को कार्य गर्दा सर्व सामान्यतामा प्रतिकुल प्रभाव नपर्ने गरी १० विभिन्न प्रकारले आदेश जारी गर्न सक्ने व्यवस्था गरेको छ भने आदेशको उल्लघंन गर्नेलाई पांच वर्ष सम्म कैद वा १५ हजार सम्म जरिवाना वा कसुरसँग सम्बन्धित पदार्थको विगोसँग जुन बढी हुन्छ सोहि जरिवाना हुने व्यवस्था छ भने झुट्टा बयान दिएमा तीन वर्ष कैद वा दश हजार रकम जरिवाना हुने व्यवस्था छ।

**(ग) आवश्यक सेवा सञ्चालन ऐन -२०१४**: यस ऐनले मुलत: आवश्यक सेवामा हड्ताल गर्न नपाउने र त्यस्तो कार्यमा संलग्न हुने लाई रू २०० जरिवाना वा ६ महिना सम्म कैद वा दुवै सजाय हुने तथा दुरूत्साहन कार्यमा सघाउनेलाई एक वर्ष सम्म कैद वा रू १००० सम्म जरिवान वा दुवै सजाय हुने व्यवस्था छ।

**(घ) प्रतिस्पर्धा तथा बजार संरक्षण ऐन, २०६३:** वस्तु वा सेवाको उत्पादन तथा सेवा वितरण गर्ने व्यक्ति वा प्रतिष्ठान बीच स्वच्छ प्रतिस्पर्धा कायम गरी राष्ट्रिय अर्थतन्त्रलाई अझ बढी खुला, उदार, बजारमुखी तथा प्रतिस्पर्धी बनाउन, स्वच्छ प्रतिस्पर्धाको माध्यमबाट उत्पादक वा वितरकको व्यावसायिक क्षमता विकास गरी राष्ट्रिय उत्पादकत्व वृद्धि गर्न, बजारलाई अवान्छित रूपमा हस्तक्षेप हुनबाट संरक्षण गर्न, एकाधिकार तथा नियन्त्रित व्यापारिक अभ्यासलाई नियन्त्रण गरी उत्पादित वस्तु तथा सेवाको गुणस्तर बढाई प्रतिष्पर्धी मूल्यमा उपभोक्ता सम्म पुर्याउने काममा प्रोत्साहित गर्ने उद्देश्यले यस ऐन जारी भएको देखिन्छ। ऐनको दफा ३ देखि दफा १० सम्म के कस्तो कार्यले प्रतिस्पर्धालाई सिमित गर्छ भनि, गर्न नहुने कामबारे उल्लेख गरेको छ भने दफा ११ ले यस ऐन लागु नहुने क्षेत्रहरू समेटेको छ। प्रतिस्पर्धा विपरित हुने गरी गर्न नहुने कामहरू संक्षेपमा तल उल्लेख गरिएको छ:

- प्रतिस्पर्धा विरूद्धको सम्झौता गर्न नहुने (दफा ३): यसमा १० वटा समेटिएको छ।
- कम्पनीले आफ्नो प्रभुत्वशाली हैसियतको दुरूपयोग गर्न नहुने (दफा ४): कुन कुन काम गरेमा प्रभुत्वशाली हैसियत प्रयोग गरेको ठहर्ने भन्ने मा उपदफा ४ (२) मा छ वटा लाई उल्लेख गरिएको छ।
- प्रतिस्पर्धालाई नियन्त्रण गर्ने उद्देश्यले प्रतिष्ठान गाभिन वा मिल्न नहुने (दफा ५)
- बोलपत्रमा अनियमितता गर्न नहुने (दफा ६)
- एकलौटी कारोवार गर्न नहुने (दफा ७)
- बजार सिमित गर्न नहुने (दफा ८)
- बन्धनयुक्त कारोवार गर्न नहुने (दफा ९)
- भ्रमपूर्ण विज्ञापन गर्न नहुने

यस्तै बजार संरक्षण गर्ने कार्य गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सचिवको अध्यक्षतामा एक बजार संरक्षण बोर्ड रहने व्यवस्था गरेको छ। परिच्छेद २ विपरितको कार्य प्रतिस्पर्धा तथा बजार संरक्षण विरूद्धको कार्य हुने र सो उपर कसुरको मात्रा हेरी दफा १८ बमोजिमको सजाय हुने व्यवस्था गरेको छ। दफा २२ मा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी बजार संरक्षण अधिकृत तोक्ने व्यवस्था छ जसले ऐन विपरितको कार्य भए नभएको हेरी मुद्दा चलाउने सम्मको कार्य गर्दछ।

**(ङ) खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५**: नेपालको संविधान जारि भए पछि संविधानको धारा ३६ मा भएको व्यवस्थालाई कानुनद्वारा व्यवस्थित गर्न खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ जारी भएको हो। ऐनले आधारभूत खाद्य भनेको नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको वस्तु भन्ने बुझिन्छ। खाद्य भन्नाले जैविक स्रोतबाट प्राप्त सांस्कृतिक रूपबाट स्वीकार्य प्रशोधित, अर्ध प्रशोधित र अप्रशोधित मानव उपभोग्य पदार्थ भनि परिभाषित गरेको छ। यस्तै उत्पादनको प्रक्रियामा प्रयोग हुने कच्चा पदार्थलाई पनि समेटेको छ। खाद्य सम्प्रभुत्ता भन्नाले खाद्य उत्पादन तथा वितरणमा किसानले उपयोग वा अभ्यास गर्ने अधिकार भनी परिभाषित गरेको छ भने खाद्य सुरक्षाको हकमा सक्रिय र स्वस्थ मानव जीवन यापन गर्न आवश्यक हुने खाद्यमा प्रत्येक व्यक्तिको भौतिक तथा आर्थिक पंहुच सम्झनु पर्छ भनि उल्लेख गरेको छ ।

ऐनको दफा ३ को उपदफा (१) ले प्रत्येक व्यक्तिलाई खाद्य सम्बन्धी अधिकार र खाद्य सुरक्षाको अधिकार हुने व्यवस्था गरेको छ। यस्तो अधिकारको सम्मान, संरक्षण र परिपूर्तिमा तीनै तहको सरकारले समन्वय र सहकार्य गर्ने व्यवस्था छ। यस्तै दफा ४ मा तीनै तहका सरकारले समन्वय र प्राथमिकताका आधारमा भोकमरीको रोकथाम र नियन्त्रण सम्बन्धी काम गर्नुपर्ने उल्लेख छ। दफा ५ मा स्थानीय तहले लक्षित घर परिवारको पहिचान गर्न सक्ने र यस्तो परिवारको पहिचानको आधारमा स्थानीय तहको क्षेत्रभित्र रहेको गरिवी, भौगोलिक विकटता, विपद् वा अन्य यस्तै कारणले खाद्य असुरक्षाको जोखिममा परेको लक्षित घरपरिवारको विवरण तयार गर्नु पर्ने र दफा ६ बमोजिम स्थानीय तहले लक्षित घर परिवारको परिचयपत्र जारी गर्ने व्यवस्था छ। ऐनको यो व्यवस्थाले हाल नेपाल सरकारले तयार गरेको गरिवी परिचयपत्रको मान्यता के हुने भन्ने प्रश्न समेत उठेको छ।

दफा ७ ले तीन तहको कुनै सरकारले यस्तो परिवारलाई सहुलियत मूल्यमा र खास प्रकारका लक्षित परिवारलाई निशुल्क खाद्यान्न दिनु पर्ने उल्लेख गरेको छ। दफा ८ ले दफा ७ बमोजिम प्रदान गर्ने खाद्यको पोषणको मापदण्ड तोक्ने व्यवस्था गरेको छ भने तीनै तहको सरकारको समन्वयमा स्थानीय तहले आपतकालीन समयमा वितरण गर्न खाद्य तथा पोषण सुरक्षाका लागि खाद्य संचिति गर्नु पर्ने व्यवस्था छ। दफा २१ मा नेपाल सरकारले राष्ट्रिय खाद्य योजना तयार गरी आवधिक योजनामा समावेश गर्ने कुरा उल्लेख छ भने स्थानीय तहले प्रत्येक वर्ष खाद्य तथा पोषण सुरक्षाका लागि कार्यक्रम सञ्चालन गर्नु पर्ने गरी तोकेको छ। यस्तै अनुगमनको सूचक तोक्ने व्यवस्था पनि छ।

ऐनको दफा ७, ९ र १० को प्रयोजनका लागि खाद्यको परिमाण पुर्याउन नेपाल सरकार र प्रदेश सरकारले खाद्य वस्तुको भण्डारण वा संचिति गर्नु पर्ने व्यवस्था ऐनको दफा २६ मा छ भने खाद्य वस्तुको सञ्चयको लागि आन्तरिक उत्पादन खरिद गर्नु पर्ने र नपुग भएमा मात्र बाहिरबाट खरिद गर्न सकिने व्यवस्था दफा २७ मा छ। यस्तै दफा २८ अनुसार खाद्य वस्तु संचितिको जिम्मेवारी नेपाल सरकार र प्रदेश सरकारको हुने गरी र दफा २९ अनुसार खाद्यको मूल्य स्थिरताको जिम्मेवारी नेपाल सरकारको हुने गरी तोकेको छ। दफा ३० मा खाद्य वितरणको काममा तीनै तहको समन्वयमा सुपथ मूल्यको पसल वा सार्वजनिक खाद्य वितरण केन्द्र मार्फत गर्ने र यस्मा महिला समूह वा कृषि सहकारीलाई विशेष प्राथमिकता दिने उल्लेख रहेको छ। यस प्रकार यस ऐनले खाद्य सुरक्षा तथा वितरण प्रणाली सम्मको व्यवस्था गरेको पाइन्छ।

**(च) कालाबजारी नियन्त्रण तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२:** सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न कालोबजारी, नाफाखोरी, जमाखोरी, मिसावट र अन्य केही सामाजिक अपराधलाई नियन्त्रण गर्ने उद्देश्यले कालाबजारी नियन्त्रण तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ आएको छ। ऐनको दफा २ मा कालोबजारी, दफा ३ मा नाफाखोरी, दफा ४ मा वस्तुको विचलन र दफा ५ मा जम्मखोरी वा कृत्रिम अभावको अवस्थाबारे उल्लेख गरेको छ र प्रत्येक अवस्थामा सजायको व्यवस्था गरेको छ। यस्तै कमसल माललाई असल माल भनी झुक्याई बिक्री गरेमा तथा दफा ७ मा उल्लेख भए बमोजिम औषधिमा शुद्ध औषधि सरह बिक्री वा प्रयोग गराउने नियतले मिसावट गरेमा वा बिक्री गर्ने उद्योग गरेमा सजाय हुने व्यवस्था गरेको छ। यस ऐन अन्तर्गतको काम कारवाही जिल्ला प्रशासन कार्यालय र नेपाल सरकारले तोकिदिएको अधिकारीबाट हेर्ने व्यवस्था छ। यस प्रकार यस ऐनले पनि खाद्य ऐन, २०२३, तथा उपभोक्ता हित संरक्षण ऐन २०७५ को व्यवस्थासँग मिल्दोजुल्दो व्यवस्था गरेको छ।

**(छ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४**: राष्ट्रिय रूपमा विपद् परेको समयमा विपदका सबै व्यवस्थापन समन्वयात्मक र प्रभावकारी रूपमा गर्न यस ऐन जारी भएको देखिन्छ। ऐन अन्तर्गत गठन भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको काम अन्तर्गत दफा ११ को उपदफा १ को खण्ड (फ) मा विपदका लागि आपतकालीन गोदामघर सञ्चालन गर्ने तथा प्राप्त राहत सामाग्रीको व्यवस्थापन गर्ने कार्य तोकिएको छ। जिल्ला व्यवस्थापन समितिको काम अन्तर्गत दफा १६ को उपदफा (२) को (ट) मा विपद् प्रभावित क्षेत्रमा खानेपानी, खाद्द्यान्न, लत्ता कपडा, औषधि जस्ता अत्यावश्यक वस्तुको प्रवन्ध गर्ने उल्लेख छ। सो बाहेकका अन्य कार्यहरू प्रत्यक्ष रूपमा आपूर्तिसँग सम्बन्धित देखिदैन।

### २.४ नियमावलीहरू:

सम्बन्धित ऐनको उद्देश्य कार्यान्वयन गर्न सो सँग सम्बन्धित नियमहरूको व्यवस्थाको समेत अध्ययन गर्नु पर्ने हुन्छ। यहाँ केही नियमहरूको व्यवस्था उल्लेख गरिएको छ।

**(क) उपभोक्ता संरक्षण नियमावली, २०७६:** गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकार संरक्षण तथा सम्बर्द्धन गर्न, उपभोक्तालाई प्राप्त अधिकारको न्यायिक उपचार गर्न र उपभोक्तालाई हुने हानी नोक्सानी वापत क्षतिपूर्ति उपलब्ध गराउने उद्देश्यकासाथ उपभोक्ता संरक्षण ऐन, २०७५ लाई प्रभावकारी कार्यन्वयनमा सघाउ पुर्याउन उपभोक्ता संरक्षण नियमावली, २०७६ जारी भएको छ। नियमावलीले मुख्य रूपमा पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता, सेवा प्रदायकको दायित्वका बारेमा व्यवस्था गरेको छ। यसका साथै नियमावलीले वस्तु तथा सेवाको गुणस्तर निर्धारणको मापदण्ड निर्धारण, मूल्यको मापदण्ड र मूल्यसुची राख्नुपर्ने जस्ता मा समेत उपभोक्ताको हितलाई केन्द्र बिन्दुमा राखी थप व्यवस्था गरेको छ। नियमावलीले मुख्य रूपमा निरीक्षण अधिकृतको योग्यता, नियुक्ति र निरीक्षण अधिकृतले निरीक्षण, खानतलासी वा जाँचबुझ गर्दा अपनाउनुपर्ने प्रक्रियाहरू बारे व्यवस्था गरेको छ। यस्तै उजुरी गर्ने व्यबस्था, उजुरीउपर अनुसन्धान र तत्काल जरिवाना गर्दा अपनाउनुपर्ने कार्यविधिबारे पनि उल्लेख छ। उपभोक्ता अदालत गठनको सर्वोच्च अदालतमा अड्किएर बसेको छ। नियमावलीले उत्पादित वस्तु श्रृंखलामा संलग्न सबै तहहरू उपभोक्तालाई वस्तु तथा सेवा बिक्री गर्दा जिम्मेवार हुनु पर्ने व्यवस्था गरेको छ तर जनशक्तिको अभावमा कार्यान्वयनको अवस्था फितलो हुने देखिएको छ।

**(ख) स्टाण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) नियमावली, २०७६:** मोहरबन्द प्याकेज गरी बेचिने वस्तुहरूको तौल, साइज, आकार, विवरण लगायतका उपभोक्ताका लागि महत्वपूर्ण सूचना सहितको लेवल राखी वस्तुको बिक्री तथा वितरण गर्ने उद्देश्यले यो नियमावली आएको देखिन्छ। यसले कुनै पनि उत्पादक वा वितरक वा विक्रेताले लेवल नराखी मोहरबन्द प्याकेज तयार गर्न वा बिक्री गर्न नपाउने व्यवस्था गरेको छ। यस नियमावलीको नियम ५ ले लेवलमा खुलाउनु पर्ने मा प्रस्ट पारेको छ भने नियम ६ ले लेवलको आकार र क्षेत्रफल तथा अक्षर तथा अंकको आकार तोक्ने प्रावधान रहेको छ। यस्तै नियमावलीको नियम ८ र ९ ले घोषणा वा जानकारी उल्लेख गर्ने तरिका र भाषाबारे प्रस्ट गरेको छ भने नियम १० ले मोहरबन्द प्याकेजमा परिमाण उल्लेख गर्ने र नियम ११ मा त्यस्तो परिमाण उल्लेख गर्ने तरिका उल्लेख छ। नियम १२ र १३ ले नाप तौलको आयाम तथा परिमाण उल्लेख गर्ने तथा नियम १५ ले अनुसूचीमा उल्लेख भएका वस्तुहरू के कति मात्रामा घटी वा बढी हुन सक्छन् भन्ने उल्लेख छ। यस्तै नियमावलीमा मोहरबन्द प्याकेजका सन्दर्भमा जांच गर्ने तरिका, वस्तुको खुद परिमाण पत्ता लगाउने तरिका र के कस्ता काम कारवाही नियम विपरित हुने

व्यवस्था गरेको छ। उपभोक्ता अधिकारको दृष्टिकोणबाट यो नियमावली वस्तुको बिक्री वितरणमा एक प्रमुख नियमनकारी माध्यम बनेको छ।

**(ग) प्रतिस्पर्धा तथा बजार संरक्षण नियम, २०६६:** प्रतिस्पर्धा तथा बजार संरक्षण नियम, २०६६ ले मुख्य रूपमा उजुरी दिने, बजार संरक्षण अधिकृतको योग्यता, काम, कर्तव्य र अधिकारका साथै निरीक्षण, खानतलासी वा जाँचबुझ गर्दा अपनाउनुपर्ने कार्य प्रक्रियाका बारेमा व्यवस्था गरेको छ।

## २.५ कार्यविधि, निर्देशिका तथा मापदण्डहरू

**(क) निकाशी पैठारी सम्वधि मन्त्रालयको २०७६/३/२ को सूचना**: यस सूचनाबाट विदेशबाट आयात हुने र विदेशमा निकासी हुने वस्तुमा बन्देज, परिमाणात्मक बन्देज वा व्यवस्थापन गर्ने प्रावधानलाई परिमार्जन गरिएको छ। यस आदेशबाट तेस्रो मुलुक लगायत भारतबाट आयात हुने फलफुल तथा तरकारीमा विषादी परिक्षण गरेर मात्र ल्याउन पाउने व्यवस्था गरिएको थियो भने सिन्थेटिक पदार्थमा आधारित पेयको आयातमा प्रतिवन्ध लगाइएको थियो।

**(ख) उपभोक्ता जागरण कार्यक्रम सञ्चालन निर्देशिका, २०७४**: उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा उपभोग गर्ने कार्यमा सचेतना वृद्धि गर्ने उद्देश्यका साथ यो निर्देशिका जारि भएको देखिन्छ। निर्देशिकाले तीनै तहमा गरिने सचेतना कार्यक्रमका लागि आधार तय गरेको देखिन्छ। दफा ५ ले संघ, प्रदेश, स्थानीय तह र उपभोक्ता संस्थातहबाट सञ्चालन हुने कार्यक्रमहरूको वर्गीकरण गरेको छ भने दफा ६ ले कार्यक्रम सञ्चालन कार्यविधि निर्धारण गरेको छ। परिच्छेद ३ मा उपभोक्ता संस्था छनौट र बजेट स्वीकृति सम्बन्धी लाई समेटेको छ। संघियता कार्यान्वयनको सन्दर्भमा यस निर्देशिकामा पनि पुनरावलोकन जरुरी छ।

## २.६ मापदण्डहरू

- कोभिड-१९ महामारीको समयमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनुपर्ने सुरक्षा मापदण्ड पालनाको अनुगमन सूचकहरू (चेक लिष्ट)
- कोभिड -१९ महामारीको समयमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनुपर्ने सुरक्षा मापदण्ड (Protocol)

## २.७ आपूर्ति नीति, २०६९:

देशमा अत्यावश्यक वस्तु तथा सेवा सहज सुलभ र नियमित रूपमा उचित गुणस्तर र मूल्यमा आपूर्ति हुने व्यवस्था मिलाई उपभोक्ताको हक हितको संरक्षण गर्ने लक्ष्यका साथ आपूर्ति नीति, २०६९ जारी भएको छ। नीतिले सात प्रमुख उद्देश्य लिएको छ जुन यस प्रकार रहेको छ:

(१) गुणस्तरीय वस्तु तथा सेवाको नियमित र सर्वसुलभ रूपमा सहज आपूर्तिको व्यवस्था गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित गरी प्रतिस्पर्धात्मक बनाउने,

(२) उपभोक्ताको हक हित र अधिकारको संरक्षण गर्ने,

(३) आपूर्ति हुने वस्तु वा सेवाको गुणस्तर कायम गर्ने तथा यथार्थपरक लागत मूल्यको आधारमा उपभोक्ता मूल्य प्रणालीलाई स्थापित गर्ने,

(४) राष्ट्रिय रूपमा खाद्य सुरक्षा व्यवस्थाको लागि आवश्यक प्रवन्ध गर्ने,

(५) अत्यावश्यक वस्तु तथा सेवामा सहज पंहुच नपुगेका, न्यून आय भएका, विपन्न तथा दुर्गम क्षेत्रका उपभोक्ताको सुविधा र राहतको लागि एकीकृत आपूर्ति नीति लागु गर्ने,

(६) वस्तु तथा सेवामा हुने कालोबजारी र कृत्रिम अभाव नियन्त्रण गर्ने

(७) वस्तु तथा सेवामा हुने गैर प्रतिस्पर्धात्मक क्रियाकलापलाई नियन्त्रण गर्ने

आपूर्ति नीति, २०६९ ले लिएको लक्ष्य हासिल गर्न आपूर्ति, उपभोक्ता, अनुगमन, खाद्य सुरक्षा, संस्थागत सुधार र बजार सम्बन्धी ६ वटा नीति स्तम्भमा २८ वटा नीति तय गरेको छ। यिनै छ स्तम्भअन्तर्गत ३९ वटा रणनीति र ५२ वटा कार्यनीति तय गरेको देखिन्छ। नीति तथा रणनीति कार्यन्वयनको अवस्था के कस्तो छ भनी अध्ययनको लागि तयार गरेको ढाँचामा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्राप्त प्रगति विवरण अनुसूची १ मा उल्लेख गरिएको छ।

## २.८ नीति तथा रणनीति कार्यान्वयनको अवस्था:

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्राप्त विवरणको आधारमा नीति, रणनीति तथा कार्यनीति कार्यान्वयनको अवस्थालाई तल संक्षेपमा प्रस्तुत गरिएको छ:

**तालिका-२**

| नीति/रणनीति/कार्यनीति समूह | नीति कार्यान्वयनको अवस्था | रणनीति कार्यान्वयनको अवस्था | कार्यनीति कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| आपूर्ति: यस अन्तर्गत ८ नीति, १२ रणनीति र ११ कार्यनीति रहेको छ। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्राप्त प्रगति विवरण अनुसार सबै नीति, रणनीति र कार्य नीतिमा केही काम भएको उल्लेख छ जसलाई अनुसूची १ मा समावेश गरिएको छ। | | |
| उपभोक्ता: यस अन्तरगत ५ नीति, ७ रणनीति र ६ कार्यनीति रहेको छ। | | | |
| अनुगमन: यस अन्तरगत ४ नीति, ३ रणनीति र ६ कार्यनीति रहेको छ। | | | |
| खाद्य सुरक्षा: यस अन्तरगत ६ नीति, ४ रणनीति र १५ कार्यनीति रहेको छ। | | | |
| संस्थागत सुधार: यस अन्तरगत २ नीति, २ रणनीति र ९ कार्यनीति रहेको छ। | | | |

| नीति/रणनीति/कार्यनीति समूह | नीति कार्यान्वयनको अवस्था | रणनीति कार्यान्वयनको अवस्था | कार्यनीति कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| बजार व्यवस्थापन: यस अन्तरगत २ नीति, ९ रणनीति र ५ कार्यनीति रहेको छ। | | | |
| सुविधा र सहुलियत अन्तर्गत ३ वटा कार्यनीति रहेको छ | | | बैंक तथा वित्तीय संस्थाबाट प्राप्त हुने नियमित प्रकृतिका कर्जाबाहेक यसै नीति अनुरूप प्रत्यक्ष रूपमा सहुलियत ब्याज दरमा कर्जा दिएको देखिंदैन। |
| संस्थागत व्यवस्था अन्तर्गत सचिवको अध्यक्षतामा केन्द्रीय आपूर्ति व्यवस्था समिति र सो को काम उल्लेख गरेको छ | केन्द्रीय आपूर्ति व्यवस्था समितिको सट्टा उपभोक्ता संरक्षण ऐनमा सचिवको अध्यक्षतामा केन्द्रीय बजार अनुगमन समिति (दफा २५) र काम कर्तव्य र अधिकार (दफा २६) मा उल्लेख छ जुन नीतिमा प्रस्ताव गरे भन्दा नीतिगत रूपमा फरक गरी आएको छ। | | |

आपूर्ति नीति, २०६९ को उपलब्धि मिश्रित देखिएको छ। आपूर्तिका सम्बन्धमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी, साल्ट ट्रेडिङ कर्पोरेशन, नेपाल आयल निगम बाट नियमित रूपमा काम गर्ने गरिएको छ। केही संख्यामा सहुलियत पसल खोलिएको छ। चाडवाड लक्षित सहुलियत पसल सञ्चालनमा ल्याउने गरिएको छ। यसले चाडवाडका समयमा हुने मूल्य वृद्धिलाई नियन्त्रणमा राख्न वा वस्तुको बजार मूल्यको आधार तय गर्न केही सघाएको छ। सहकारी संगको साझेदारीको प्रयास पनि भएको देखिन्छ। बजार निरीक्षण कार्यलाई निरन्तरता दिइएको छ। बजार निरीक्षणबाट नराम्रो काम गर्नेलाई आर्थिक जरिवाना गर्ने काम समेत भएको छ। उपभोक्ता हित संरक्षण ऐन जारी गरी नीतिले उल्लेख गरेका बजार निरीक्षण, वस्तु वा सेवाको मूल्य सार्वजनिक गर्ने जस्ता व्यवस्था भएको छ भने उपभोक्ता अदालतको व्यवस्था पनि भएको छ। आपूर्ति नीतिको कार्यान्वयनको समग्रतामा हेर्दा भने यी प्रगतिहरूलाई सन्तोष मान्ने स्थिति छैन।

आपूर्ति नीति जारी भए देखिको यस अवधिमा खाद्य सुरक्षा कार्यक्रमका लागि तोकिएको २५ हजार मेट्रिक टन खाद्यान्नको मौज्दात राख्नु पर्ने लक्ष्य पुरा हुन सकेको छैन। यस्तै सहुलियत पसलको संख्यामा पनि बढोत्तरी हुन् सकेको छैन। यसलाई वर्षैभरिको लागि सञ्चालन गर्ने भन्दा पनि चाडवाड लक्षित गरी सञ्चालन गर्ने गरिएको छ। वाणिज्य विभागको संरचना सानो छ भने स्थानीय प्रशासनलाई जिम्मेवारी दिएकोमा समन्वयको कमी देखिएको छ। जिल्ला प्रशासन कार्यालयलाई धेरै ऐनले काम गर्ने गरी अधिकार प्रत्यायोजन गरेको तर अधिक कार्य जिम्मेवारीको कारण बजार निरीक्षणको काम प्राथमिकता भित्र नपरेको अवस्था छ। बजार निरीक्षणलाई निरन्तरता दिए पनि यसले बजारलाई स्वच्छ वातावरण तयार गर्न त्यति धेरै सघाउ पुगेको देखिदैन। यस अवधिमा इन्धन आपूर्तिमा सुधारका लागि क्षमता विस्तार भएको देखिएन। यस्तै केन्द्रीय आपूर्ति समिति गठन भएको छैन। संघियता कार्यान्वयनमा आए पछि जारी भएको उपभोक्ता हित संरक्षण ऐनले बजार अनुगमनमा प्रदेश र स्थानीय तहलाई समेत संलग्न गराउन खोजे पनि स्थानीय प्रशासनले काम गरिरहेको अवस्था छ। उपभोक्ता अदालत गठनमा मन्त्रालयले पहल लिए पनि अहिले सम्म गठन हुन सकेको

छैन। नीतिले परिलक्षित गरेको सुविधा र सहकारीलाई सहुलियत ऋण दिने कार्यनीति कार्यान्वयनमा आउन सकेको छैन। तहगत जिम्मेवारी प्रष्ट गर्न बाँकि नै छ। समग्रमा, नीतिको कार्यान्वयनलाई लिएर धेरै उत्साहित हुनु पर्ने अवस्था देखिएन।

## २.९ औद्योगिक नीति, २०६७:

औद्योगिक नीति, २०६७ अन्तर्गत उद्देश्य १ सँग सम्बन्धित पाँच वटा नीति, उद्देश्य २ सँग सम्बन्धित तीन वटा नीति, उद्देश्य ३ सँग सम्बन्धित २ वटा नीति, उद्देश्य ४ सँग सम्बन्धित ७ वटा नीति र उद्देश्य ५ सँग सम्बन्धित २ वटा नीति गरी १९ वटा नीतिहरू प्रस्तावित गरिएका छन् भने बुंदा ९ अन्तर्गत पुन: लघु उद्यम, घरेलु तथा साना उद्योग सम्बन्धी विषेश नीतिगत व्यवस्था अन्तर्गत १० वटा विषेश नीतिहरू प्रस्ताव भएको छ। यस अन्तर्गत उद्देश्य १ हासिल गर्न ९ वटा रणनीति, उद्देश्य २ हासिल गर्न ७ वटा रणनीति, उद्देश्य ३ हासिल गर्न १ वटा रणनीति, उद्देश्य ४ हासिल गर्न २० वटा रणनीति र उद्देश्य ५ हासिल गर्न ३ वटा रणनीति गरी ४० वटा रणनीतिहरू उल्लेख गरिएको छ। लघु उद्यम, घरेलु तथा साना उद्योग सम्बन्धी २५ वटा विशेष रणनीति तय गरिएको देखिएको छ।

औद्योगिक नीतिको कार्यान्वयनको कुरा गर्दा उद्योग वर्गीकरणका आधार, प्रकार नीतिले सिफारिस गरे बमोजिम नै भएको छ भने नीतिले परिकल्पना गरे बमोजिम नै लगानी बोर्ड गठन भएको छ र बोर्डको काम, कर्तव्य र अधिकार बारे लगानी बोर्ड ऐन, २०६८ बाट व्यवस्थित गरिएको छ। यस्तै औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा १८ ले औद्योगिक प्रवर्द्धन बोर्डको गठन र काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरेको छ। सो अनुरूप हालसम्म औद्योगिक प्रवर्द्धन बोर्डको २३३ वटा बैठक बसिसकेको छ।

नीतिले उल्लेख गरेबमोजिम औद्योगिक क्षेत्र व्यवस्थापन प्राधिकरण भने अहिले सम्म गठन हुन सकेको छैन। तर कम्पनी ऐन अन्तर्गत गठन भै २०४५ सालदेखि नै काम गर्दै आएको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड कार्यरत रहेको छ। यस्तै राष्ट्रिय उत्पादकत्व परिषद् पनि गठन हुन सकेको देखिएन। घरेलु तथा साना उद्योग विभाग र उद्योग विभाग गाभ्ने भने कार्यान्वयन भएको छ। उद्योग विभागलाई औद्योगिक प्रवर्धन बोर्डको सचिवालयको जिम्मेवारी पनि दिइएको छ। नीतिमा उल्लेख नभएको विशेष आर्थिक क्षेत्र प्राधिकरण भने गठन भएको छ।

उद्योग विभागमा एकल बिन्दु अन्तर्गत सेवा दिने कार्य २०७७ जेठ १ गते बाट सुरू भएको छ भने बौद्धिक सम्पत्ति संरक्षण कार्यालय भने स्थापना हुन सकेको छैन। यस कामको जिम्मेवारी उद्योग विभागलाई नै दिइएको छ। कम्पनी रजिस्ट्रारको कार्यालयलको कार्यक्षेत्र जिल्लासम्म विस्तार गर्ने भनेकोमा २०७६ सालमा इटहरी र बुटवलमा कार्यालय स्थापना भएको छ तर पर्याप्त रूपमा अधिकार भने दिइएको छैन। अहिले पनि उद्योग नवीकरणको लागि केन्द्रीय कार्यालयको अनुमति लिनुपर्ने अवस्था विद्यमान छ।

राष्ट्रिय लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन बोर्ड र घरेलु तथा साना उद्योग विकास समितिलाई गाभी लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन बोर्ड गठनको काम पनि हुन सकेन।

## २.१० निष्कर्ष:

नेपालले आपूर्ति प्रणालीको ढुवानी र सञ्चयमा निजी क्षेत्रलाई नै विश्वास गरेको छ। नूनको खरिद, सञ्चय र वितरणमा साल्ट ट्रेडिङ कम्पनीलाई सरकारको तर्फबाट काम गर्ने गरी तोकिएको, पेट्रोलियम पदार्थको खरिद, सञ्चय र वितरणमा नेपाल आयल निगमलाई एकाधिकार दिएको र खाद्य सुरक्षा र सार्क खाद्य बैंकको काम गर्न खाद्य व्यवस्था तथा व्यापार  कम्पनीले गर्ने गरी तोके बाहेक सबै प्रकारका वस्तु तथा सेवामा मूलतः निजी क्षेत्र नै संलग्न रहेको छ। आपूर्ति प्रणालीका लागि तय भएका आवश्यक सेवा सञ्चालन ऐन, २०१४, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५, खाद्य ऐन, २०२३, उपभोक्ता हित संरक्षण ऐन, २०७५, आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७, प्रतिस्पर्धा तथा बजार संरक्षण ऐन, २०६३, कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ जस्ता कानुनहरूले एकै मा फरक फरक कार्यान्वयन संस्था जस्ता फरक व्यवस्था गरेकोले कार्यान्यवन गर्न कठिनाइ हुने देखिन्छ। अतः यी ऐनहरूको पुनरावलोकन जरुरी देखिएको छ। यस्तै पन्ध्रौँ योजनाले लिएको आपूर्ति सम्बन्धी लक्ष्य हासिल हुने परिस्थिति नदेखिएकोले  राष्ट्रिय योजना आयोगले यसतर्फ पनि विशेष ध्यान दिनु पर्ने देखिएको छ।

## भाग-३

# आपूर्ति नीति / सार्वजनिक वितरण प्रणाली सम्बन्धी केही अन्तर्राष्ट्रिय अभ्यास

### ३.१ पृष्ठभूमि (Background) :

नेपालले सार्वजनिक वस्तु तथा सेवाहरूको वितरण, व्यवस्थापन तथा नियमन प्रणालीलाई आपूर्ति नीतिको रूपमा अंगिकार गरेतापनि विश्व परिप्रेक्ष्यमा सबैजसो राष्ट्रहरूले यसलाई सार्वजनिक वितरण प्रणाली (Public Distribution System-PDS) को रूपमा नै लागू गरेको पाइयो। दोश्रो विश्वयुद्ध पछि विश्वव्यापि रूपमै सार्वजनिक वितरण प्रणालीबारे चर्चा शुरू भएको पाइन्छ। कल्याणकारी राज्यको अवधारणा अन्तर्गत सर्वसाधारणलाई शिक्षा र स्वास्थ्यको न्यूनतम सुविधा उपलब्ध गराउनुका साथै खाद्य सुरक्षाको प्रत्याभूति गराउन सार्वजनिक वितरण प्रणाली व्यवस्थित गर्दै लगियो। विश्वयुद्धले प्रभावित क्षेत्रका जनताहरूमा खाद्यान्नको अभाव हुन नदिन सरकारले नै खाध्यान्न आपूर्ति गर्न थाल्यो र पछि यसले संस्थागत रूप लियो। मूल रूपमा आपूर्ति प्रणालीको कुरा गर्दा सरकारबाट गरिवी र अभावग्रस्त क्षेत्रमा खाद्यान्न आपूर्ति गर्ने नै समेटिएर आएको पाइन्छ। पहिले खाद्यलाई आधारभूत आवश्यकताको रूपमा मात्र बुझ्ने गरेकोमा पछि गएर यसले अधिकारको रूप लिएको छ। खाद्य सुरक्षाको कुरा गर्ने वित्तिकै यसमा सबै नागरिकले सबै समयमा भौतिक, सामाजिक र आर्थिक रूपबाट पोषणयुक्त खानाको उपलब्धतामा पंहुचको अर्थ राख्दछ। अति कम विकसित र विकासोन्मुख देशहरूमा खाद्य सुरक्षाको अझै पनि चिन्ताजनक अवस्थामा रहेको पाइन्छ। खाद्य असुरक्षामा गरिवी प्रमुख कारण मानिए पनि अहिले आएर अन्य कारणहरू पनि थप भएको छ जसले गर्दा पोषणयुक्त खानाको पहुँचको अभावमा मानिसहरू कुपोषणका शिकार भएका छन्। यी अन्य कारणहरूमा सरकारले लिएका नीतिहरू, देशभित्रको भूगोल, जनसंख्याका लागि स्थापित वितरण प्रणाली, राजनैतिक अस्थिरता, वातावरणको प्रभाव जस्ता कारणबाट सिर्जित समस्याहरू रहेको छ।

पछिल्लो वर्षहरूमा विश्वभर नै खाद्य सुरक्षामा सुधार आएको पाइए पनि अझै पनि दक्षिण अफ्रिकी सब सहारा क्षेत्र र दक्षिण एशिया क्षेत्रमा यो चुनौतीको रूपमा नै रहेको छ । गरिवी र खाद्य अभावको सीधा सम्बन्ध देखिएको छ। यी समस्या भएका देशमा रोगग्रस्त, उच्च मृत्युदर र कुपोषणयुक्त जनसंख्या बढी हुने गरेको छ। भारतमा मात्रै सन् २०१६ सम्म १९० मिलियन जनसंख्या यसको शिकार भएको उल्लेख छ। यसै कारण खाद्य सुरक्षा र पोषण कार्यक्रमलाई संयुक्त राष्ट्र संघले पनि एक प्रमुख कार्यक्रमको रूपमा अघि सारेको पाइन्छ। संयुक्त राष्ट्र संघले अघि सारेको दिगो विकास लक्ष्यको लक्ष्य न. २ ले भोकमरीको अन्त्य, खाद्य सुरक्षा र पोषण सुधारसहित दिगो कृषि विकासको लक्ष्य लिएको छ।

विभिन्न मुलुकमा राज्यको खाद्य सुरक्षा अवधारणाअन्तर्गत धेरै प्रकारका संयन्त्रहरू खडा गरिएका छन्। एउटै मुलुकभित्र पनि प्रदेशले बेग्ला बेग्लै खाद्य वितरण प्रणाली अपनाएका हुन्छन जस्तो ग्रामीण सार्वजनिक वितरण प्रणाली, सहुलियत पसल, समुदायका लागि सार्वजनिक वितरण, National Food Security Card, Below Poverty Line Card, आदि। यी सबै प्रणालीमा केही सकारात्मक पक्ष रहे पनि यसमा खास गरी कार्यक्रम लाभग्राही वर्गसँग पुग्न नसकेको, चुहावट हुने गरेको र वितरण गरिने खाद्यको गुणस्तर न्यून रहेको जस्ता कारणले आलोचित रहेका छन्। यसको विकल्पमा सामाजिक सुरक्षाको अवधारणालाई समेत

बल पुग्ने गरी अचेल बिकसित र विकासशिल देशहरूले विश्वव्यापि आधारभूत आम्दानि (Universal Basic Income) को अवधारणा अगाडि बढाएका छन्। आधारभूत आम्दानि भन्नाले बाँच्नका लागि न्यूनतम आधारभूत खर्चको जोहो मिलाउनु हो र त्यस्तो आम्दानिको जोहो राज्यले गरिदिने हो। यत्रो रकम कहाँबाट आउँछ र दिने भन्ने प्रश्न उठ्छ। तर (Universal Basic Income) को तर्क राख्नेहरू भन्छन, सामाजिक सुरक्षा अन्तर्गत प्रदान गरिने विभिन्न खाले राहत र सहुलियत कटौति गर्ने अनि सहयोगको आवश्यकता नभई नहुने वर्गलाई नियमित रूपमा नगद नै थमाईदिन सकिन्छ भन्ने तर्क राखेका छन् ।

**३.२ भारत:**

भारतमा जनताहरूलाई दैनिक अत्यावश्यक उपभोग्य वस्तुहरूको आपूर्ति उचित मूल्य र उचित समयमा उपलब्ध गराउन तथा खाद्य वस्तुहरूको उपयुक्त गुणस्तर कायम राख्ने मुख्य औजारको रूपमा सार्वजनिक वितरण प्रणाली (Public Distribution Policy) लाई प्रयोगमा ल्याईएको छ। यस अन्तर्गत अत्यावश्यक वस्तुहरूको संकलन (procurement) र भण्डारण तथा तिनलाई गन्तब्य स्थानसम्म पुर्याउने जिम्मेवारी केन्द्र सरकारको हुन्छ भने गन्तब्य स्थानबाट ति सामग्रीहरू सुपथ मूल्यका पसलहरू (Faire Price Shops-FPSs) सम्म पुर्याउनु र उपभोक्ताहरूमा वितरण गर्नु राज्य सरकारहरूको दायित्व हुने व्यवस्था गरेको देखिन्छ । एक अध्ययन अनुसार भारतमा प्रतिवर्ष ८० करोड जनसंख्यालाई ५ लाख भन्दा बढी "सुपथ मूल्यका पसलहरू"बाट राशन कार्डको माध्यमबाट मुख्यतः चामल, गहुँ, चिनि र मट्टितेल बिक्री वितरण गरिन्छ। यसको अलावा राज्य सरकारहरूले आ-आफ्नो प्रदेशमा अन्य सामानहरू जस्तै तेल, दाल, आयोडिनयुक्त नुन तथा मसलाहरू पनि बिक्रीको लागि उपलब्ध गराउने गरेका छन्।

भारतमा हाल उपभोक्ता मामिला, खाद्य तथा वितरण मन्त्रालयले सार्वजनिक वितरण प्रणाली कार्यक्रममार्फत खाद्य वितरण गर्दै आएको छ। भारतमा खाद्यान्न अभाव देखिएपछि सन् १९६० देखि खाद्यान्न वितरण गर्ने कार्यक्रमको पुन: शुरूवात भएको देखिन्छ। प्रत्येक परिवारलाई राशन कार्डका माध्यमबाट निश्चित परिमाणमा सहुलियत दरमा खाद्यान्न उपलब्ध गराउदै आएको पाइन्छ। प्रमुख रूपमा दुई प्रकारले वितरण प्रणाली शुरू गरेको पाइन्छ। सन् १९९२ तिर पूर्ण रूपमा सुधारिएको सार्वजनिक वितरण प्रणाली (Revamped Public Distribution System) को नामबाट दुर्गम, पिछडिएको क्षेत्र, पहाडी क्षेत्रमा खाद्यान्न वितरण गर्ने कार्यक्रम शुरू गरिएको थियो भने सन् १९९७ मा आइपुग्दा यस कार्यक्रमलाई लक्षित सार्वजनिक वितरण प्रणाली (Targeted Public Distribution System) नामकरण गरी सहुलियत पसलमार्फत कार्यक्रम अन्तर्गतका सामानहरू वितरण गर्ने गरिएको थियो। यस कार्यक्रममार्फत तत्कालिन अवस्थामा सत्तरी लाख टन वस्तु ६ करोड परिवारलाई वितरण गरिएको थियो। भारतको यस प्रणालीलाई विश्वकै एक बृहत् सार्वजनिक वितरण प्रणाली भन्ने गरिएको छ। सन् २००० मा भने यस कार्यक्रमलाई **अन्तोदय अन्न योजना** नामकरण गरी शुरू गरेको पाइन्छ जसलाई सन् २००३- २००६ को अवधिमा विस्तार गरिएको थियो। भारत सरकारले सन् २०१३ मा राष्ट्रिय खाद्य सुरक्षा ऐन जारी गरी न्यूनतम परिमाणका खाद्यान्नलाई अति सहुलियत दरमा दिने व्यवस्था गरेको छ। यस ऐन अन्तर्गत ७५ प्रतिशत ग्रामीण जनसंख्या र ५० प्रतिशत शहरी गरिव जनसंख्याका लागि प्रति परिवार प्रतिमहिना ५ केजी चामल प्रति केजी रू ३, गहुँ प्रति केजी रू २ र जौ प्रतिकेजी रू १ का दरले उपलब्ध गराउने गरेको छ। मन्त्रालयको वार्षिक प्रतिवेदन २०२०-२०२१ का अनुसार यस कार्यक्रमको लक्षित जनसंख्या ८१.३५ करोड मध्ये ७९.७१ करोड व्यक्ति यस कार्यक्रममार्फत समेटिएको छ। कार्यक्रमले

अति प्राथमिकता वर्गका लागि ५ केजी र अन्तोदय अन्न आयोजनाका लागि ३.५ केजी खाद्यान्न प्रति महिना उपलब्ध गराउने गरेको छ। कार्यक्रम सञ्चालनका लागि देशभर ५.३३ लाख सुलभ पसल तोकिएको छ।

कार्यक्रमलाई अझ प्रभावकारी बनाउन सूचना प्रविधिको प्रयोगलाई बढाएको उल्लेख छ। ३१ प्रदेशमा २३.५ करोड राशन कार्डलाई कम्प्युटरमा संग्रह गरिसकिएको छ जसले ८० करोड लाभग्राही व्यक्तिलाई समेटेको छ भने आधार कार्डसँग जोड्ने काम पनि ९३ प्रतिशत सकिएको छ। यस्तै ५.१३ लाख सुलभ पसललाई पनि कम्प्युटर प्रणालीमा समावेश गरी सकिएको छ। यस्तै सो वर्षका लागि समर्थन मूल्यमा ४३३. ४४ मेट्रिक टन गहुँ र ६००.७८ लाख मेट्रिक टन धान खरिद गरेको छ।

भारत सरकारले मूल्य स्थिरीकरण कोषमार्फत भा. रू. ५०० करोड बजेट छुट्ट्याएको छ जसलाई कृषि उत्पादन खरिदका लागि प्रदेश सरकार तथा केन्द्र शासित प्रदेशका लागि निर्ब्याजी ऋण उपलब्ध गराउन प्रयोग गरिन्छ। उपभोक्ता हित प्रवर्धन गर्न प्रदेश तथा केन्द्र शासित प्रदेशका लागि अधिकतम भा रू २० करोडसम्म दिन सकिने गरी कोषका लागि रकम उपलब्ध गराउने गरिएको छ। यस्तो कोषमा प्रदेश सरकारले २५ प्रतिशत सम्म थप गरी ब्याजमा रकम लगाउने र प्राप्त ब्याजबाट उपभोक्ता हितसँग सम्बन्धित कार्यक्रममा खर्च गर्न सक्नेछन्।

### ३.३ भारतको हालैको किसान आन्दोलनः-

September 2020 मा भारत सरकारद्वारा ३ वटा कृषि बिधेयक (Farm Bill) (किसानको उत्पादन व्यापार र वाणिज्य (प्रवर्द्धन र सहजीकरण) ऐन, किसान (सशक्तीकरण र संरक्षण) मूल्य आश्वासन र कृषि सेवा सम्झौता ऐन र आवश्यक वस्तु (संशोधन) ऐन संसदबाट पारित भएसंगै यसको विरोधमा किसानहरूको आन्दोलन शुरू भयो र 14 October 2020 देखि 22 January 2021 सम्म ११ पटक सरकार र किसान प्रतिनिधिहरू वीच वार्ता भए पनि कुनै सम्झौता हुन सकेन। विरोध कार्यक्रम जारी रहेकै अवधिमा 19 November 2021 मा भारतीय प्रधानमंत्रिले यी कानूनहरूलाई फिर्ता लिने घोषणा गरे अनुसार संसदको दुवै सदनले 29 November 2021 मा यी कानूनहरू निरस्तः भएको घोषणा गर्यो । यी तीन कानूनमध्ये पहिलो कानूनमा किसानहरूले सूचीकृत बजार (मण्डी) भन्दा बहिर आफ्नो उत्पादन बेच्न सक्ने र प्रान्तको कर तिर्नु नपर्ने व्यवस्था गरिएको; दोश्रो कानूनमा किसानहरूले जग्गा अनुबन्धमा लिएर खेती गर्न सक्ने र आफैंले प्रत्यक्ष बजारीकरण गर्न सक्ने; र तेश्रो कानूनमा भण्डारण बाहेकका अन्न, दाल, तेल, प्याजको बिक्रीलाई असाधारण परिस्थिति बाहेक नियन्त्रण मुक्त रहेको घोषणा गरिएको थियो। लागू गरिएको नयाँ कानूनले किसानहरूलाई धेरै विकल्प दिने र मूल्यमा हुने प्रतिस्पर्धाले किसानलाई फाइदा पुग्ने सरकारको तर्क रह्यो भने; न्यूनतम समर्थन मूल्यको खारेजीले आफ्नो भएको अधिकार पनि खोसिने दाबी किसानहरूको रह्यो। अधिकांश साना किसानहरूको बाहुल्य रहेको भारतीय समाज र उनीहरूले आफनो फसल काट्ने वित्तिकै बेच्नुपर्ने अवस्था एकातिर रहेको र अर्कोतिर बजारमा ठूला किसान वा बिक्रेताहरूको प्रवेशले साना किसानहरूको मोलमोलाई गर्न सक्ने कमजोर सम्भावनाले गर्दा हाल न्यूनतम समर्थन मूल्य (Minimum Support Price) अन्तर्गत पाईरहेको मूल्य भन्दा पनि कम मूल्यमा बजारमा वस्तु बेच्नुपर्ने परिस्थिति उत्पन्न हुन् सक्ने संभावनाको जायज तर्कलाई नजरअन्दाज गर्न सक्ने अवस्थामा मोदी सरकार नरहेको हुनाले भारत सरकारले यी कानूनहरू खारेज गर्ने निर्णयमा पुगेको अनुमान गर्न सकिन्छ। यसबाट न्यूनतम समर्थन मूल्यको जग भारतमा राम्ररी बसेको रहेछ र किसानले त्यसबाट सकारात्मक लाभ लिएको रहेछ भन्ने विश्वास गर्न सकिन्छ।

### ३.४ भुटान:

भुटानले खाद्य तथा पोषण नीति, २०१४ मा उल्लेख गरे अनुसार भुटान सरकारको खाद्य संस्थान मार्फत राष्ट्रिय खाद्य सुरक्षा कोषका लागि चामल, तेल र चिनिको खरिद र बिक्रीको व्यवस्थापन गर्दै आएको छ। यी सबै गरी भुटानले २० वटा वितरण केन्द्रबाट १६५८ मेट्रिक टन सामानको संग्रह र वितरण गर्ने गरेको उल्लेख छ। यस बाहेक सोहि संस्थाबाट सार्क खाद्य सुरक्षा कोष र सार्क खाद्य बैंक अन्तरगत १८० मेट्रिक टन खाद्यान्न संग्रह गर्ने गरेको उल्लेख छ। भुटान सरकारको छुट्टै आपूर्ति नीति प्राप्त गर्न सकिएन तर खाद्य तथा पोषण नीति, २०१४ ले भने खाद्य वस्तुको संग्रह तथा वितरण, कृषिजन्य वस्तुको उत्पादन, सञ्चय र सुरक्षा लगायतका मा निकायगत जिम्मेवारी सहितको व्यवस्थाहरू गरेको छ। भुटानले यस नीतिलाई पनि ग्रस ह्याप्पिनेस इन्डेक्ससँग तादम्यता कायम गर्न खोजेको छ।

### ३.५ बंगलादेशः

सन १९७१ मा स्थापित बंगलादेशले १९७४ को अनिकाललाई झेल्दै सन् १९९० ताका गरिएको नीतिगत सुधारको माध्यमबाट खाद्यान्न बजारलाई (Grain Market Structure) सरकार र निजी क्षेत्रको सहभागितामा मूल्य स्थिरता र उपलब्धताको स्थायित्व प्रदान गर्न सार्वजनिक वितरण प्रणाली Public Food Distribution System (PFDS) स्थापना गरेको छ। यस अन्तर्गत मूलतः दुर्गम र पिछडिएको ग्रामीण इलाकामा बस्ने जनताहरूको आय आर्जन, ग्रामीण पूर्वाधारहरूको मर्मत (तटबन्ध मर्मत तथा नहर निर्माण), खाद्य तथा पोषण सुरक्षा, प्राथमिक शिक्षामा पहुँच अभिवृद्धि, महिला सशक्तिकरण जस्ता आधारभूत विकासका कार्यक्रमहरू मार्फत कामका लागि खाद्यान्न कार्यक्रममार्फत खाद्य सुरक्षालाई जोडेको पाइएको छ।

यस कार्यक्रमको मुख्य तीन उद्देश्य रहेका छन्। पहिलो, अत्यावश्यक खाध्यान्नको न्यूनतम र अधिकतम मूल्य तोक्नु (Enforcing floor & ceiling prices); दोश्रो, खाध्यान्नको वितरणलाई सिमान्तकृत/अति गरिब वर्गहरूको खाद्य सुरक्षाको रूपमा गरिबि निवारणतर्फ लक्षित गर्नु (Targeting distribution to alleviate poverty and ensure food security for vulnerable groups) र तेश्रो प्राकृतिक प्रकोपको व्यबस्थापन (Managing disasters) गर्नु।

यी उद्देश्य प्राप्त गर्नको लागि (१) पूर्वाधार विकास कार्यक्रम अन्तर्गत रोजगारी सिर्जना, आय आर्जन, ग्रामीण पूर्वाधारहरूको (बाँध र नहर) मर्मत संभार, महिला सशक्तिकरण, सामुदायिक सम्पत्तिको सिर्जना, जस्ताकार्यहरू कामको लागि खाध्यान्न कार्यक्रम मार्फत सञ्चालन गरिएका छन्। सन १९७५ देखि २००१ सम्म ३ करोड कार्यदिन बराबरका तटबन्ध र नहर मर्मत तथा निर्माणका कार्यहरू यसै कार्यक्रम अन्तर्गत सम्पन्न भएका छन्। (२) शिक्षा क्षेत्रको कार्यक्रम अन्तर्गत प्राथमिक तहमा २२ लाख परिवारका बालबालिकको भर्नादर वृद्धि, ६ लाख बालबालिकालाई दिवा खाजाको व्यवस्था, छात्राहरूको माध्यामिक तह भर्ना दर वृद्धि जस्ता कार्यक्रमहरू सञ्चालन गरिएका छन्। (३) तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत ५ लाख ग्रामीण महिला परिवार समेटिएको छ। (४) पोषण कार्यक्रम अन्तर्गत अति गरिब परिवारका महिला र बालबालिकाहरूलाई विशेष पोषणयुक्त (micronutrients) पिठो र बिस्कुट वितरणको Pilot Program

लागू गरिएको पाइयो। (५) राहतका कार्यक्रम अन्तर्गत प्राकृतिक प्रकोपमा परेका समुदायलाई राहत वितरण जस्ता क्षेत्रगत कार्यकमको माध्यमबाट गरिबी निवारणमा आशातित सफलता प्राप्त गरेको पाइयो।

### ३.६ निष्कर्ष:

अन्तरराष्ट्रियस्तरमा आपूर्तिको सम्बन्धमा कुरा गर्दा सार्वजनिक वितरण प्रणालीको चर्चा हुने गरेको पाइयो। विश्वयुद्धमा प्रभावित जनतालाई खाद्यवितरण गर्न शुरू गरिएको कार्यक्रम पछि खाद्य सुरक्षाका रूपमा आयो र सरकारले यसलाई नागरिक प्रतिको जिम्मेवारीका रूपमा अघि बढायो। अहिले संयुक्त राष्ट्र संघले दिगो विकास लक्ष्यको लक्ष्य न. २ अन्तर्गत भोकमरीको अन्त्य, खाद्य सुरक्षा र पोषण सुधारलाई एक प्रमुख लक्ष्यको रूपमा राखेको छ र सन् २०३० सम्म विश्वमा कोहि पनि भोकमरिबाट मृत्यु हुन् नपरोस भनि विश्वभरका सरकारलाई खाद्य सुरक्षाको जिम्मेवारीबारे दायित्वबोध गराई रहेको छ। नेपालले पनि यस लक्ष्यलाई आधार मानि नेपालको लक्ष्य निर्धारण गरेको छ जुन लक्ष्य प्राप्त गर्न सबै नीतिहरू सहायक हुनु पर्दछ। दक्षिण एशियाली देशहरूमा भारत र बंगलादेशले सार्वजनिक वितरण प्रणाली अपनाएको छ भने भुटानले खाद्य तथा पोषण सुरक्षाका नीतिको माध्यमबाट सेवा दिई आएको अवस्था छ। यी तिनै देशको अध्ययनबाट नेपालका लागि निम्न सिकाई हुन सक्छन:

- नेपालले पनि आपूर्ति नीतिको सट्टा सार्वजनिक वितरण प्रणालीतर्फ उन्मुख हुनुपर्ने।
- खाद्य सुरक्षाका लागि नेपाल सरकारले बजेट व्यवस्था गर्ने र प्रदेश सरकारलाई प्रदेशगत खाद्य खरिद, सञ्चय र गन्तव्य स्थानसम्म ढुवानीको जिम्मा दिने।
- अन्तिम वितरण र सहुलियत पसलका लागि सहकारी वा समुदायको संलग्नता रहने गरी स्थानीय तहमार्फत काम गर्ने।
- खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई प्रदेश सरकारसँग समन्वय गरी आवश्यक खाद्यान्न खरिद, सञ्चयको काममा लगाउने।
- कामका लागि खाद्यान्न तथा प्रधानमन्त्री रोजगार जस्ता कार्यक्रमका माध्यमबाट खाद्यान्न प्रभावित क्षेत्रमा स-साना पूर्वाधार निर्माणका साथै गरिवी घटाउने कार्यक्रम सञ्चालन गर्न सकिने।
- आवश्यक खाद्यान्नको सहुलियत परिमाण र मूल्य संघीय सरकारबाट तोक्ने र प्रदेश सरकारलाई निर्ब्याजी ऋणमा उक्त सामान खरिद गर्न रकम उपलब्ध गराउने। यस्तो सुविधा विपन्न परिवार र शहरी गरिव परिवारका लागि उपलब्ध गराउने।

वितरण प्रणालीका लागि राष्ट्रीय रूपमा पहिचान गर्न सकिने आधार सहितको परिचय पत्र र सो को विद्युतीय अभिलेख राखी वितरण गर्नु पर्ने। नेपालका सम्बन्धमा पालिकाले दिने परिचय पत्रको आधार राष्ट्रिय परिचय पत्रलाई नै मानी सहुलियत खाद्यान्न पाउने आधार भने छुट्टै तोकी दिन उपयुक्त हुने।

## भाग-४

# सिफारिस र निष्कर्ष

माथि विभिन्न परिच्छेदमा उल्लेख भएका आपूर्ति नीतिको विश्लेषण, केही देशहरूको नीतिगत व्यवस्था समेतलाई हेरी नयाँ आपूर्ति नीति तय गर्दा देहायबमोजिम गर्न उपयुक्त हुने सिफारिस गरिएको छ। साथै प्रस्तावित नयाँ आपूर्ति नीति तयार गर्दा देहायका पक्षलाई आधार लिएको छ:

१. नेपालको संविधानमा भएको मौलिक हक र सो को कार्यान्वयनको लागि बनेका ऐनका व्यवस्थाहरू,

२. संविधानको धारा ५१ अन्तर्गत विभिन्न उपधारामा व्यवस्था भएका आपूर्तिसँग सम्बन्धित नीतिहरू। संविधानमा व्यवस्था भएका नीतिलाई सोही बमोजिम प्रस्तावित नीतिमा समावेश गरी बाँकी अन्य नीतिहरू प्रस्ताव गरिएको,

३. संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई आपूर्ति तथा वितरण प्रणालीमा तत् तत् तहको कार्य जिम्मेवारी कार्यान्वयनमा सहजता ल्याउने ,

४. उपभोक्ता संरक्षण ऐन, २०७५, आवश्यक पदार्थ (नियन्त्रण ऐन), २०१७, आवश्यक सेवा सञ्चालन ऐन, २०१४, प्रतिस्पर्धा तथा बजार संरक्षण ऐन, २०६३, कालाबजारी नियन्त्रण तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ तथा संविधान जारी भए पछि आएको खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ लगायतका कानुनले गरेका व्यवस्था कार्यान्वयन गर्न देखा परेका चुनौती हटाउने ,

५. आपूर्ति नीति, २०६९ ले लिएका सान्दर्भिक नीतिहरूलाई निरन्तरता दिएको,

६. अन्तरराष्ट्रिय रूपमा सार्वजनिक वितरण प्रणाली अन्तर्गत खाद्य खरिद, संकलन र वितरण जस्ता मा अन्य देशहरूको अनुभव,

७. राष्ट्रिय योजना आयोगले लिएको भोकमरीको अन्त्य, पोषण नीतिजस्ता आधारहरू।

यस प्रकार माथि उल्लिखित आधारहरू समेतलाई मध्यनजर गर्दै नयाँ आपूर्ति नीति तर्जुमाको साटो सार्वजनिक वितरण प्रणालीलाई बढी जोड दिने तथा खाद्य अधिकार तथा खाद्य सुरक्षालाई ध्यानमा राख्दै सार्वजनिक वितरण, खाद्य सुरक्षा तथा पोषण समेत समेटी नया नीति तय गर्न उपयुक्त हुने देखिन्छ।

### ४.१ प्रस्तावित नीतिको लक्ष्य:

गुणस्तरयुक्त आवश्यक वस्तु तथा सेवा सहज र सुलभ रूपमा आपूर्ति गर्दै खाद्य अधिकार र खाद्य तथा पोषण सुरक्षाको माध्यमबाट उपभोक्ताको हित संरक्षण गर्ने।

### ४.२ नीतिको उद्देश्य:

प्रस्तावित नीतिको उद्देश्य यस प्रकार रहनेछ:

(क) गुणस्तरयुक्त आवश्यक वस्तु तथा सेवाको सहज र सुलभ रूपमा देशभर नियमित आपूर्ति हुने व्यवस्था सुनिश्चित गर्नु,

(ख) आवश्यक वस्तु तथा सेवाको मूल्यलाई यथार्थपरक बनाइ मूल्य स्थिरता कायम गर्नु,

(ग) खाद्य अधिकार, स्वच्छता र खाद्य सुरक्षा कायम गर्नु, र

(घ) बजारमा वस्तु तथा सेवाको प्रतिस्पर्धात्मक वातावरण कायम गरी एकाधिकार तथा कृत्रिम अभाव नियन्त्रण गर्नु,

(ङ) उपभोक्ताको हित र अधिकार संरक्षण तथा प्रवर्द्धन गर्नु।

(च) सुदृढ सार्वजनिक वितरण प्रणालीको स्थापना र सञ्चालन गर्नु।

### ४.३ नीतिहरू:

प्रस्तावित लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि देहायको नीति प्रस्ताव गरिएको छः

४.३.१ कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकुलको खाध्यान्न उत्पादलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने। (उद्देश्य (क) सँग सम्बन्धित)

४.३.२ नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने। (उद्देश्य (क) सँग सम्बन्धित)

४.३.३ आवश्यक वस्तु तथा सेवाको सुचिमा समयानुकुल परिवर्तन गर्ने। (उद्देश्य (क) सँग सम्बन्धित)

४.३.४ आधारभूत वस्तु तथा सेवामा सवै नागरिकको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनाबद्ध आपूर्तिको व्यवस्था गर्ने । (उद्देश्य (क) सँग सम्बन्धित)

४.३.५ वस्तु तथा सेवाको मूल्य नियन्त्रण गर्न उपयुक्त बजार हस्तक्षेपको संयन्त्र परिचालन गर्दै मूल्य स्थिरता कायम गर्ने। (उद्देश्य (ख) सँग सम्बन्धित)

४.३.६ खाद्य अधिकार, खाद्य स्वच्छता, पोषण र खाद्य सुरक्षा कायम गर्न आवश्यक पूर्वाधार, कानुनी संरचना र सहकार्यलाई जोड दिने। (उद्देश्य (ग) सँग सम्बन्धित)

४.३.७ कालाबजारी, एकाधिकार, कृत्रिम अभाव गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिष्पर्धी बनाइ व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने। (उद्देश्य (घ) सँग सम्बन्धित)

४.३.८ बजारसँग सम्बन्धित सूचना, सामग्रीको प्रचार प्रसारका माध्यमबाट उपभोक्ताको सचेतना अभिवृद्धि गर्ने। (उद्देश्य (ङ) सँग सम्बन्धित)

४.३.९ उपभोक्ताको हित संरक्षण गर्न प्रदेश तथा स्थानीय, निजी क्षेत्र, सहकारी, उपभोक्ताका क्षेत्रमा कार्यरत संघसंस्था अधिकारकर्मी तथा सम्वद्ध सरोकारवाला सँग सहकार्य गर्ने। (उद्देश्य (ङ) सँग सम्बन्धित)

४.३.१० आवश्यक पदार्थको देशभर सरल, सहज पहुँच र वितरणका लागि आवश्यक भण्डारण तथा ढुवानीमा सार्वजनिक र निजी क्षेत्रको संलग्नता बढाई दिगो, मितव्ययी र भरपर्दो वितरण प्रणाली स्थापना गर्ने। (उद्देश्य (च) सँग सम्बन्धित)

## ४.४ रणनीतिहरू:

प्रस्तावित नीति कार्यान्वयनका लागि लिनु पर्ने रणनीतिहरू देहाय बमोजिम हुनेछन:

४.४.१ कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकुलको खाद्यान्न उत्पादलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने।

(क) खाद्य संचितिमा नेपाल सरकारको सार्वजनिक संस्थान र प्रदेश सरकारसँग समन्वय गरी प्रदेशगत रूपमा खाद्य भण्डारण गर्ने र यस कार्यमा प्रदेशलाई बढी जिम्मेवार बनाउने।

(ख) न्यूनतम परिमाणको वार्षिक खाद्य संचिति परिमाण तोकी त्यस्ता खाद्य वस्तुको समर्थन मूल्यमा खरिद गर्न एक खाद्य आपूर्ति कोष स्थापना गर्ने। सो प्रयिजनको लागि नेपल सरकारले प्रदेश सरकारलाई ऋण दिने गरी रकम विनियिजन गर्ने।

(ग) खाद्य वस्तुको वितरणमा स्थानीय तहलाई जिम्मेवार बनाइ खाद्य सुरक्षाको अवधारणा कार्यान्वयनमा ल्याइनेछ।

(घ) स्थानीय वस्तुको उत्पादन र सञ्चय बढाई खाद्य सुरक्षामा त्यस्ता उत्पादन स्थानीय स्तरमा नै खरिद गरी वितरण गर्ने व्यवस्था गरिनेछ । नपुग भएमा मात्र आयात गर्ने नीति लिईनेछ।

४.४.२ नवीकरण ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने।

(क) नवीकरणीय ऊर्जामा आधारित घरायसी विद्युत आपूर्ति र यस सँग सम्बन्धित उपकरणमा (इन्डक्सन चुल्हो लगायत) सहुलियत प्रदान गरी विद्युतको उपभोग बढाउन जोड दिइनेछ।

(ख) अति विपन्न लक्षित परिवारलाई सहुलियत दरमा न्यूनतम दरमा विद्युतको उपभोगमा पहुँच सुनिश्चित गरिनेछ।

(ग) यातायात, कृषिजन्य उत्पादनका मेशिनरी एवम् आवश्यक वस्तु सञ्चय गर्ने स्थानमा नविकरण ऊर्जामा आधारित प्रविधिको उपयोग र विकासमा लगानी बढाईनेछ।

४.४.३ आवश्यक वस्तु तथा सेवाको सुचिमा समयानुकुल परिवर्तन गर्दै आवश्यक पदार्थको उपलब्धताको सूचना प्रणाली विकास गर्ने। (रणनीति ४.३.१ सँग सम्बन्धित)

(क) आवश्यक पदार्थ (नियन्त्रण ऐन), २०१७ मा सामयिक सुधार गरी आवश्यक पदार्थहरूको सुचि संशोधन गरिनेछ। यस्तो सुचि संशोधन गर्दा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ सँग मिल्ने व्यवस्था मिलाइनेछ।

(ख) आवश्यक पदार्थको आयात, उत्पादन र उपलब्धता देखिने गरी विद्युतीय सुचना प्रणालीको विकास गरिनेछ।

(ग) आवश्यक पदार्थहरूको उपलब्धता, मूल्य अवस्था र आपूर्ति व्यवस्थाको निगरानी राख्न वाणिज्य विभाग र स्थानीय प्रशासनलाई परिचालन गरिनेछ।

४.४.४ आधारभूत वस्तु तथा सेवामा सवै नागरिकको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनाबद्ध आपूर्तिको व्यवस्था गर्ने । (उद्देश्य क सँग सम्बन्धित)

(क) दुर्गम तथा पछाडि पारिएको क्षेत्रका लागि आवश्यक वस्तु सहुलियत दरमा उपलब्ध गराउन सरकारले ढुवानी अनुदान उपलब्ध गराउनेछ।

(ख) दुर्गम तथा पछाडि पारिएको क्षेत्रका लागि आवश्यक वस्तुको सञ्चय, र सहुलियत दरमा विक्रिका लागि सार्वजनिक संस्थानलाई प्रभावकारी रूपमा परिचालन गरिनेछ।

(ग) दुर्गम तथा पिछडिएको क्षेत्रका प्रमुख उत्पादनहरू सञ्चय गरी त्यस्ता वस्तुको मूल्य निर्धारण गरी सार्वजनिक संस्थान मार्फत वस्तु विनिमयको माध्यम बाट आवश्यक वस्तु उपलब्ध गराउने कार्यलाई जोड दिइनेछ।

(घ) आवश्यक वस्तु उपलब्ध गराउन स्थानीय तहसंगको समन्वयमा सार्वजनिक संस्थान तथा सहकारीको संजाललाई उपयोग गरिनेछ।

४.४.५ वस्तु तथा सेवाको मूल्य नियन्त्रण गर्न उपयुक्त बजार हस्तक्षेपको संयन्त्र परिचालन गर्दै मूल्य स्थिरता कायम गर्ने,

(क) उपभोग्य वस्तु लगायत प्रमुख सेवाका वस्तुहरूको मूल्य सुचि अनिवार्य रूपले राख्न लगाइनेछ।

(ख) सार्वजनिक निजी क्षेत्रसँग साझेदारी गरी कम्तिमा “एक पालिका एक सहुलियत दरका पसल” का माध्यमबाट आवश्यक वस्तु प्रति परिवार तोकेको दरमा सहुलियत दरमा बिक्री गर्ने प्रवन्ध गरिनेछ। यस प्रयोजनका लागि कम्तिमा पनि चामल तथा पिठो, दाल, नुन, तेल जस्ता पदार्थलाई समावेश गरिनेछ।

४.४.६ खाद्य अधिकार, खाद्य स्वच्छता र खाद्य तथा पोषण सुरक्षा कायम गर्न आवश्यक पूर्वाधार, कानुनी संरचना र सहकार्यलाई जोड दिने।

(क) राष्ट्रिय खाद्य कार्य योजनाका आधारमा आवश्यक वस्तु तथा सो को परिमाण पालिकागत आधारमा तय गरिनेछ र सो आधारमा रणनीतिक सञ्चय क्षेत्र तोकी आवश्यक वस्तुको सञ्चय र सो क्षेत्रबाट वितरण गर्ने व्यवस्था गरिनेछ। सो को लागि जनसंख्या, भूगोल र ढुवानी गर्न लाग्ने समयलाई आधार लिईनेछ।

(ख) नेपाल सरकारका निकायसंगको खाद्य वस्तु मौज्दात राख्न सक्ने वर्तमान पूर्वाधारको मूल्यांकन गरी प्रदेश सरकारसँग समन्वय गरी थप पूर्वाधार विकासमा प्रदेश सरकारलाई जिम्मेवारी दिने व्यवस्था गरिनेछ।

(ग) खाद्य वस्तुको सञ्चय तथा ढुवानीको नेपाल सरकारले मापदण्ड तोक्ने र प्रदेश सरकारले योग्यता पुगेका निजी तथा सहकारी क्षेत्रका व्यवस्थापनलाई प्रोत्साहित गरी खाद्य वस्तुको सञ्चय तथा वितरणको उपलब्धता सुनिश्चित गर्ने व्यवस्था गरिनेछ।

(घ) खाद्य वस्तुको स्वच्छता कायम राख्न खाद्य वस्तुको गुणस्तर कायम राख्ने कार्यमा नेपाल सरकारका सम्बन्धित नियामक निकाय, प्रदेश तथा स्थानीय सरकारसँग सहकार्य र समन्वय गरिनेछ।

(ङ) खाद्य वस्तुको सम्प्रभुता र भोकमरी विरूद्धको अधिकार सुनिश्चित गर्न स्थानीय तहसँग समन्वय गरी न्यूनतम दिन रोजगार कार्यक्रम मार्फत सम्बोधन गरिनेछ।

(च) स्थानीय वस्तुको उत्पादन र स्थानीय उपभोगको पालिकागत खाद्य वासलात (Food Balace-Sheet) तयार गरी बचत हुने खाद्यलाई स्थानीय तहमा नै खपत गर्न स्थानीय तहलाई जिम्मेवार तुल्याईनेछ।

(छ) स्थानीय उत्पादनमा आधारित पोषणयुक्त खानाको क्यालोरी तोकी त्यस्ता खाना खाने बानी बसाल्न तिनै तहका सरकारले समन्वयात्मक रूपमा जनचेतना अभिवृद्धिका कार्यक्रम सन्चालन गरिनेछ ।

(ज) प्राकृतिक प्रकोपबाट विस्थापित वा प्रभावित नागरिकलाई खाद्य वस्तुको अभाव हुन नदिन प्रकोप व्यवस्थापन र खाद्य वस्तु उपलब्धता सुनिश्चित गर्न स्थानीय प्रशासन, स्थानीय पालिका र सम्बन्धित निकायबीच सहकार्य गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

४.४.७ कालाबजारी, एकाधिकार, कृत्रिम अभाव गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिष्पर्धी बनाइ व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने।

(क) बजारमा एकाधिकार प्रवृत्ति, कृत्रिम अभाव, मुनाफाखोरी लगायत आपूर्ति व्यवस्थामा व्यवधान हुने क्रियाकलाप रोक्न नेपाल सरकार, प्रदेश तथा स्थानीय तह र जिल्ला अनुगमन समितिहरूलाई सक्रिय तुल्याइनेछ।

(ख) आवश्यक पदार्थको मौज्दात, मूल्य सुची उत्पादक, आयातकर्ता र थोक विक्रेताहरूले नियमित रूपमा सार्वजनिक गर्ने व्यवस्था गरिनेछ।

(ग) उत्पादक, आयातकर्ता, वितरक तथा थोक विक्रेताले बिक्री गर्ने वस्तुको विशेष अवस्थामा संचिती गर्न पाउने सीमाको निर्धारण गरिनेछ।

यस प्रयोजनका लागि “विशेष अवस्था भन्नाले प्राकृतिक वा गैर प्राकृतिक विपद् एवम् आन्तरिक वा बाह्य युद्धका कारण आपूर्ति व्यवस्थामा कठिनाई पर्न गई नियमित आपूर्तिमा अवरोध आएको अवस्था सम्झनु पर्छ।”

(ङ) आवश्यक पदार्थ नियन्त्रण, कालो बजारी र कृत्रिम अभाव नियन्त्रण, प्रतिस्पर्धा प्रवर्धन लगायतका उपभोक्ता अधिकार तथा हितसँग सम्बन्धित कानुनहरूमा संघियताको मर्म, अन्तरराष्ट्रिय परिवेश र राष्ट्रिय आवश्यकता समेतका आधारमा परिमार्जन गरिनेछ।

(च) बजार निरीक्षक/निरीक्षण अधिकृत नियुक्त गरी नियमन कार्यलाई तीब्रता दिईनेछ। विभिन्न ऐनहरूबाट बजार निरीक्षण अधिकृत, बजार निरीक्षक जस्ता कार्यहरू गर्ने व्यवस्था गरेकोले सो प्रयोजनका लागि कानुन कार्यान्वयन निकाय गठन गरी सोहि निकायमार्फत एकीकृत अनुगमन गर्ने व्यवस्था गरिनेछ।

(छ) बजार निरीक्षक/निरीक्षण अधिकृतको कार्यक्षेत्र पुनरावलोकन गरी आवश्यक जनशक्ति थप गरिनेछ।

(ज) बजारमा वस्तु वा सेवाको उपलब्धतामा कमी आउन नदिन नियमित वा आकस्मिक निरीक्षणलाई प्रभावकारी बनाइनेछ।

(झ) नियामक निकाय तथा यसमा कार्यरत जनशक्तिको कार्यक्षमता अभिवृद्धि गर्न आधुनिक प्रविधिको उपयोग सुनिश्चित गरिनेछ।

४.४.८ बजारसँग सम्बन्धित सूचना, सामग्रीको प्रचार प्रसारका माध्यमबाट उपभोक्ताको सचेतना अभिवृद्धि गर्ने।

(क) सूचना प्रविधि वा विज्ञापनका माध्यमबाट उपभोक्ताका अधिकार, वस्तुको तौल, म्याद गुज्रेका वस्तु खरिद गर्न नहुने लगायतका उपभोक्तासँग सम्बन्धित सूचनामार्फत उपभोक्ता अधिकार प्रवर्द्धन गरिनेछ।

(ख) उपभोक्ता अधिकार प्रवर्द्धन गर्न सामाजिक उत्तरदायित्व बहन गर्न निजी उद्यमीहरूसँग सहकार्य गरिनेछ।

४.४.९ उपभोक्ताको हित संरक्षण गर्न प्रदेश तथा स्थानीय तह, निजी क्षेत्र, सहकारी, उपभोक्ताका क्षेत्रमा कार्यरत संघसंस्था अधिकारकर्मी तथा सम्वद्ध सरोकारवालासँग सहकार्य गर्ने।

(क) उपभोक्ता अदालत गठन गरी यसको क्षमता अभिवृद्धि गरिनेछ।

(ख) उपभोक्ता हित संरक्षणका सन्दर्भमा माध्यमिकस्तरको पाठ्यपुस्तकमा उपभोक्ता शिक्षा सचेतनाका मा अध्ययन/अध्यापन गराउने व्यवस्थाका लागि समन्वय गरिनेछ।

(ग) उपभोक्ता हित संरक्षणका लागि नियामक निकायहरू, प्रदेश तथा स्थानीय तह, जिल्ला तथा स्थानीयस्तरका अनुगमन समिति, निरीक्षण अधिकृत र यस क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरूलाई यस सम्बन्धी कानुन र अन्तर्राष्ट्रिय पद्धतिका मा तालिम तथा प्रशिक्षण दिई क्षमता अभिवृद्धि गर्नुका साथै जनस्तरमा परिचालन समेत गरिनेछ।

४.४.१० आवश्यक पदार्थको देशभर सरल, सहज पहुँच र वितरणका लागि आवश्यक भण्डारण तथा ढुवानीमा सार्वजनिक निजी क्षेत्रको संलग्नता बढाई दिगो, मितव्ययी र भरपर्दो वितरण प्रणाली स्थापना गर्ने।

(क) बचत हुने स्थानीय उत्पाद, माग भएको अन्य स्थानीय तहमा वितरण गर्न र नपुग हुने आवश्यक वस्तु ढुवानी गर्न निजी तथा सहकारी क्षेत्रको संलग्नतामा ढुवानी, संग्रह र वितरण गर्ने व्यवस्था गरिनेछ।

(ख) आवश्यक पदार्थको आपूर्ति व्यवस्था प्रभावकारी बनाउन वाणिज्य विभागबाट निर्माण भएको Integrated Trade and Supply Management Information System (ITSMIS) सम्बन्धी सफ्टवेयरलाई परिमार्जन सहित स्थानीय तह सम्म लागु गरिनेछ।

**४.५ कार्यनीति वा कार्य योजना:**

नीति तथा रणनीति कार्यान्वयनका लागि आवश्यक कार्ययोजनामा विभिन्न निकायको कार्यक्षेत्र र समन्वय गर्नु पर्ने  समेत समावेश हुने भएकोले नीति मस्यौदामा सैद्धान्तिक सहमति गरे पश्चात कार्यनीति र कार्ययोजनालाई अन्तिम रूप दिई लागत र सहुलियत प्रस्ताव गर्न उपयुक्त हुने सुझाव प्रस्तुत गरिएको छ।

**४.६ सहुलियत तथा सुविधा:**

कार्यनीति वा कार्य योजनाका आधारमा प्रस्ताव गर्न उपयुक्त हुने।

**४.७ नीति कार्यान्वयन संयन्त्र:**

प्रस्तावित नीति कार्यान्वयन तथा अनुगमनका लागि उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २२ बमोजिमको उपभोक्ता संरक्षण परिषद्वाट हुने व्यवस्था गर्न उपयुक्त हुने।

**४.८ अन्य सिफारिसहरू:**

४.८.१: नेपालको संविधान अनुसार खाद्य अधिकार तथा खाद्य सम्प्रभुत्ता सम्बन्धी ऐन जारी भैसकेको; पोषणलाई बढावा दिने नीति लिइएको  र धेरै जसो देशहरूले खाद्य व्यवस्था, वितरण, पोषण र दिगो कृषि विकास तथा पर्यावरण सन्तुलन समेतलाई ध्यानमा राखी खाद्य तथा पोषण नीति ल्याएको देखिंदा नेपालले पनि आपूर्ति नीतिको सट्टा सार्वजनिक वितरण, खाद्य सुरक्षा तथा पोषण समेत समेटी नयाँ नीति तर्जुमातर्फ अग्रसर हुन उपयुक्त हुने देखिन्छ।

४.८.२ देहायका कानुनहरूमा सुधार तथा परिमार्जनः-

- आवश्यक पदार्थ ऐन तथा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ लाई एक आपसमा नबाझिने गरी परिमार्जन गर्ने
- खाद्य ऐन, २०२३ उपभोक्ता हित संरक्षण ऐन, २०७५ आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ र  कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ का व्यवस्थाहरूले कार्य क्षेत्रको विवाद सिर्जना हुने र एक ऐनको कारवाहीले अर्को ऐन निष्क्रिय हुने वा दुवै ऐन अन्तर्गतको सजाय हुन् सक्ने भएकोले यी सबै ऐनमा पुनरावलोकन हुनु जरुरी छ।

४.८.३ खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ अन्तर्गतको नियम र खाद्य कार्य योजना नबनेकोले तत्काल (एक वर्षभित्र) बनाउनुपर्ने।

४.८.४ उपभोक्ता अदालत गठनका लागि सर्वोच्च अदालतसँग समन्वय गरी छिटो गठन गर्नुपर्ने।

४.८.५ पन्ध्रौँ योजनाले लिएको आपूर्ति सम्बन्धी लक्ष्य हासिल हुने परिस्थिति नदेखिएकोले राष्ट्रिय योजना आयोगले यसतर्फ पनि विशेष ध्यान दिनुपर्ने।

४.८.६ वितरण प्रणालीका लागि राष्ट्रीय रूपमा पहिचान गर्न सकिने आधार सहितको परिचय पत्र र सो को विद्युतीय अभिलेख राखी वितरण गर्नु पर्ने। नेपालका सम्बन्धमा पालिकाले दिने परिचय पत्रको आधार राष्ट्रिय परिचय पत्रलाई नै मानी सहुलियत खाद्यान्न पाउने आधार भने छुट्टै तोकी दिन उपयुक्त हुने

४.८.७ नेपालले पनि प्रतिवर्ष प्राकृतिक प्रकोपको माध्यमबाट हुने जनधनको क्षतिलाई न्यूनीकरण गर्न तथा प्रधानमन्त्री स्वरोजगार कार्यक्रम जस्ता गरिवी निवारणमा केन्द्रित कार्यक्रमलाई खाद्य सुरक्षासँग जोडी दुर्गम र अति दुर्गम क्षेत्रका बासिन्दाहरूमा निरन्तर देखा पर्ने भोकमरीको समस्यालाई सम्बोधन गर्न सकिने।

## ४.९ निष्कर्ष:

आपूर्ति नीति, २०६९ को कार्यान्वयनका हिसावले मध्यम खालको रह्यो। नेपालले संघियताको अभ्यास गरेको र आपूर्ति नीतिमा संघ, प्रदेश र स्थानीय तहको भूमिका स्थापित गर्न पनि आपूर्ति नीति, २०६९ मा पुनरावलोकन आवश्यक भएको छ। संविधानले राखेको खाद्य अधिकार सुनिश्चित गर्न पनि आपूर्ति व्यवस्थामा सामयिक सुधार जरुरी छ। दिगो विकास लक्ष्यले भोकमरीको अन्त्य गर्न र खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को व्यवस्था कार्यान्वयन गर्न समेत आपूर्ति नीतिमा सामयिक परिवर्तन आवश्यक देखिएको छ। नयाँ आपूर्ति नीति तर्जुमा गर्नुको साटो अन्तरमन्त्रालय समन्वय गरी सार्वजनिक वितरण, खाद्य सुरक्षा तथा पोषण समेत समेटी नयां नीति तर्जुमा गर्न उपयुक्त हुने देखिन्छ।

अन्त्यमा, यस अध्ययनका लागि वित्तीय अनुसन्धान तथा विकास केन्द्रलाई जिम्मेवारी दिएकोमा राष्ट्रिय योजना आयोगप्रति विशेष आभार व्यक्त गदर्छौं। यस कार्यमा सहयोग गर्ने सवैलाई धन्यवाद दिन चाहन्छौ।

# अनुसूची-१

## आपूर्ति नीति तथा रणनीति-२०६९ कार्यान्वयन (प्रगति विवरण)

| नीति नं | | | प्रगति | | |
|---|---|---|---|---|---|
| | नम्बर | नीतिको व्यहोरा | भएको / सक्षिप्त व्यहोरा | आंशिक/ सक्षिप्त व्यहोरा | कार्यान्वयनको मूल्यांकन |
| **८.१ आपूर्ति** | ८.१.१ | आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन सार्वजनिक, निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ। | आपूर्ति व्यवस्था प्रभावकारी बनाउन खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, नेपाल आयल निगम लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड मार्फत सहकारी संस्था, डिलर, बिक्री डिपो लगायतको परिचालन गरी उपभोक्तालाई सरल र सहज रूपमा उपभोग्य वस्तु उपलब्ध गराउने गरिएको छ। | सार्वजनिक, निजी र सहकारी क्षेत्र मार्फत सफलतापूर्वक आपूर्ति व्यवस्थाको कार्य भई रहेको छ। | सहकारी क्षेत्रको संलग्नता प्रभावकारी रूपमा देखिएन। |
| | ८.१.२ | अत्यावश्यक वस्तु तथा सेवाको नियमित र सर्वसुलभ ढंगबाट आपूर्ति गर्न आवश्यक पूर्वाधार एवं संरचना तयार गर्न प्राथमिकता दिईनेछ। | नेपाल सरकारको नीति बमोजिम आवश्यक वस्तु तथा सेवाको सर्वसुलभ ढङ्गबाट आपूर्ति गर्न आवश्यक पूर्वाधार एवं संरचना निर्माणका साथै भईरहेका संरचनाको समेत मर्मत गर्ने गरिएको छ। | हाल आपूर्ति क्षेत्रसँग सम्बन्धित देहायका निकायसँग रहेको भण्डारण क्षमताः<br>• खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड अन्तर्गत खाद्यान्न भण्डारणको लागि नेपाल भर भण्डारण क्षमता रहेको छ। १५९००० मेट्रिक टन रहेको छ। कम्पनीले राष्ट्रिय खाद्य सुरक्षा भण्डार र सार्क खाद्य सुरक्षा बैंकमा ३३ हजार मेट्रिक टन खाद्यान्न भण्डारण गर्ने गरेको छ।<br>• नेपाल आयल निगम लिमिटेड अन्तर्गत खाद्यान्न पेट्रोलियम पदार्थ भण्डारणको लागि नेपाल भर ६८ हजार के.एल. भण्डारण गृह रहेको छ।<br>• साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड अन्तर्गत नुन भण्डारणको लागि नेपाल भर ३७ हजार मेट्रक टन भण्डारण क्षमता रहेको छ। कर्पोरेशनले करिव १० महिनाको लागि पुग्ने गरी नुन भण्डारण गर्ने गरेको छ। | पेट्रोलियम पदार्थको भण्डारण क्षमतामा खासै थप भएको छैन। |
| | ८.१.३ | खाध्यान्न अभाव भएका क्षेत्रमा खाध्यान्न आपूर्ति गर्नुका साथै विपन्न वर्गका लागि सुपथ मूल्यमा खाध्यान्न आपूर्ति गर्ने संयन्त्रको विकास गरी आपूर्ति व्यवस्था सुनिश्चित गरिनेछ। | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडले विगत वर्षहरूदेखि खाद्यान्न अभाव हुने क्षेत्रहरूका विपन्न वर्गको लागि लक्षित गरी नेपाल सरकारको ढुवानी अनुदानमा सुपथ मूल्यमा खाद्यान्न तथा नुन बिक्री वितरण गर्दै आएको छ।यसैगरी नेपालीहरूको महान चाड दशैं, तिकार र छठ पर्वलाई लक्षित गरी उक्त अवधिमा नेपालभर सहुलियत पसल समेत सञ्चालन गर्ने गरेको छ। | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले कर्णाली प्रदेशका कालीकोट, हुम्ला, जुम्ला, मुगु र डोल्पामा हरेक जन्म र मृत्युमा २०kg खाद्यान्न नि:शुल्क वितरण गर्ने गरेको छ। | |
| | ८.१.४ | अत्यावश्यक खाद्य वस्तु तथा अन्य उपभोग्य वस्तुको आपूर्तिलाई सहज, सुलभ र प्रभावकारी तुल्याउन तथा कृत्रिम अभाव सृजना हुन नदिई अनुचित मूल्य वृद्धि नियन्त्रण गर्न नेपाल सरकारले आवश्यकतानुसार बजार हस्तक्षेप गर्नेछ। | बजारमा हुने एकाधिकार र मूल्य मिलेमतो निर्मूल गर्दै आपूर्ति प्रणालीलाई स्वच्छ एवं प्रतिस्पर्धी बनाउनुका साथै बजार अनुगमनमा संलग्न निकाय र उपभोक्ता हितका लागि क्रियाशील संघ/संस्थाको सहकार्यमा बजार अनुगमनलाई नियमित र प्रभावकारी बनाउने नीति भएकोले वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, | • नेपाल सरकारले उपभोक्ताको अधिकारको संरक्षण गर्न नियमित रूपमा वस्तु तथा सेवाको आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, लेबल, विज्ञापन आदिको आपूर्ति व्यवस्था तथा उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले नेपालभर अनुगमन/निरीक्षण गर्ने गरेको छ। | चाडपर्व लक्षित बजारबाट केही हद सम्म बजारमा उपस्थिति देखाउने गरेको। |

| नीति नं | | | प्रगति | | |
|---|---|---|---|---|---|
| | नम्बर | नीतिको व्यहोरा | भएको / सक्षिप्त व्यहोरा | आंशिक/ सक्षिप्त व्यहोरा | कार्यान्वयनको मूल्यांकन |
| | | | जिल्ला स्थित वाणिज्य कार्यालयहरू र जिल्ला प्रशासन कार्यालयहरूबाट संयुक्त बजार अनुगमन टोली बनाइ बजार अनुगमनको कार्य निरन्तर रूपमा भईरहेको छ। | • उपभोक्ता हित संरक्षण ऐन,२०७५ बमोजिम उपभोक्ताको हक, हित संरक्षणका लागि वस्तु तथा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर र, शुद्धताको अनगुमन वा सपुरीवेक्षणमा संलग्न निकायहरूबीच समन्वय गर्नको लागि केन्द्रीय बजार अनगुमन उद्योग,वाणिज्य तथा आपूर्ति सचिवको संयोजकत्वमा एक केन्द्रीय अनुगमन समिति गठन गरिएको छ। | |
| | ८.१.५ | दुर्गम क्षेत्रहरूमा बजार स्थिरीकरणका लागि खाध्यान्न तथा अन्य अत्यावश्यक वस्तु सञ्चय गर्ने कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सहकारी संस्थाहरूलाई प्रोत्साहित गरिनेछ। | दुर्गम क्षेत्रहरूमा बजार स्थिरीकरणका लागि खाध्यान्न तथा अन्य अत्यावश्यक वस्तु सञ्चय गर्ने कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सहकारी संस्थाहरूलाई खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड मार्फत परिचालन गर्ने गरिएको छ। | | सहकारी संस्थाको प्रत्यक्ष सहभागिता भएको छैन। |
| | ८.१.६ | स्थानीयस्तरमा आवश्यक पर्ने गुणस्तरीय अत्यावश्यक वस्तुको आपूर्ति व्यवस्थापन कार्यमा स्थानीय निकायको भूमिकालाई प्रभावकारी बनाइनेछ। | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड मार्फत स्थानीय निकायको सहकार्यमा स्थानीय स्तरमा गुणस्तरीय अत्यावश्यक खाद्य वस्तुको आपूर्ति गरी स्थानीय निकायको भूमिकालाई प्रभावकारी बनाउने गरिएकोछ। | उपभोक्ता संरक्षण नियमावली २०७५ मा स्थानीय तहलाई बजार अनुगमन गर्ने अधिकार दिएको छ। | |
| | ८.१.७ | स्थानीयस्तरमा उत्पादित वस्तु तथा सेवाको ऊपभोगलाई प्राथमिकता र प्रोत्साहन दिईनेछ। | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मार्फत स्थानीयस्तरमा उत्पादित वस्तु तथा सेवाको ऊपभोगलाई प्राथमिकता र प्रोत्साहन गर्न स्थानीय उत्पादनलाई खरिद/बिक्री गरी सहजिकरणको भूमिका खेल्दै आएको छ। | | जुम्लाको सिमी खरिदमा बजार दर भन्दा मंहगोमा खरिद गरेको कारण नेपाल खाद्यले सिमि बिक्री गर्न नसकेको। |
| | ८.१.८ | खाद्य सम्प्रभुताको कानूनी आधारलाई केन्द्रिकृत गरी खध्यान्नको विउविजन तथा मलको आपूर्ति निश्चित मापदण्ड,गुणस्तर र तौल अनुसारको हुने व्यवस्था मिलाइनेछ। | खाद्य सम्प्रभुताको कानूनी आधारलाई केन्द्रिकृत गरी खध्यान्नको विउविजन तथा मलको आपूर्ति निश्चित मापदण्ड,गुणस्तर र तौल अनुसारको हुने व्यवस्था मिलाउन साल्ट ट्रेडिङ्ग कर्पोरेशनले मुख्य भूमिका खेल्दै आएको छ। यसको लागि रासायनिक मलको आपूर्ति, गहुँको विउविजनको उत्पादन गरी किसानलाई बिक्री वितरण गर्ने गरेको छ। | कृषि सामाग्री संस्थानको तर्फबाट विउविजन तथा मलको आपूर्ति गर्ने काम भै रहेको | |
| ८.२ उपभोक्ता | | | | | |
| | ८.२.१ | उपभोक्ता हित संरक्षण गर्न उपभोक्ताका प्रतिनिधिमूलक संघ-संस्थाहरूलाई परिचालित गरी जनचेतना अभिवृद्धि, सुझाव संकलन, अद्यावधिक सूचना प्रणाली विकास र प्रचार प्रसारसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ। | उपभोक्ता हित संरक्षण गर्न उपभोक्ताका प्रतिनिधिमूलक संध-संस्थाहरूलाई परिचालित गरी जनचेतना अभिवृद्धि, सुझाव संकलन, अदध्यावधिक सूचना प्रणाली विकास र प्रचार प्रसार सम्बन्धी कार्यक्रमहरू नेपाल सरकारको वार्षिक स्वीकृत कार्यक्रम बमोजिम चेतनामूलक कार्यक्रमहरू | | |

| नीति नं | | | प्रगति | | |
|---|---|---|---|---|---|
| | नम्बर | नीतिको व्यहोरा | भएको / सक्षिप्त व्यहोरा | आंशिक/ सक्षिप्त व्यहोरा | कार्यान्वियनको मूल्यांकन |
| | | | देशव्यापी रूपमा सञ्चालन हुने गरेको छ। | | |
| | ८.२.२ | खाध्यान्न व्यवस्थापन गर्नलाई विभिन्न क्षेत्रबाट प्रतिनिधित्व हुने गरि उपभिक्ता संरक्षण परिषद् अन्तर्गत क्षेत्रीयस्तरमा खाध्यान्न व्वस्थापन समिति गठन गरिनेछ र सार्वजनिक संस्थानहरू समेतको माध्यमबाट खाध्यान्नको भण्डारण तथा वितरणको व्यवस्था गरिनेछ। | खाद्यान्न व्यवस्थापन तथा आपूर्ति व्यवस्था सहज गर्न विभिन्न क्षेत्रबाट प्रतिनिधित्व हुने गरी केन्द्रीयस्तरमा उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम उपभोक्ता संरक्षण परिषद् गठन गरिएको छ। | क्षेत्रीयस्तरमा गठन हुने प्रावधान छैन। संघीय अवधारणाअन्तरगत प्रदेशस्तरमा प्रदेश बजार अनुगमन समिति रहेको छ।। | |
| | ८.२.३ | उपभोक्ता हित संरक्षण र बजार वातावरणलाई अनुशासित र पारदर्शी बनाउनका लागि आपूर्ति, मूल्य, गुणस्तर, तौल, उपभोग्य मिति, लागत मूल्य सूचीको अनुगमन कार्य गर्न उपभोक्ता संस्थाको प्रतिनिधिसहित वाणिज्य विभाग,नेपाल गुणस्तर तथा नापतौल विभाग, उद्योग विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, घरेलु तथा साना उद्योग विभाग, निरीक्षण अधिकृतको कार्यालय र वस्तु तथा सेवा प्रदायक सम्बन्धित निकाय लगायत अन्य सरिकारवालालाई समेत समन्वयात्मक रूपमा परिचालन गरिनेछ। | उपभोक्ता हित संरक्षण र बजार वातावरणलाई अनुशासित र पारदर्शी बनाउनका लागि आपूर्ति,मूल्य,गुणस्तर,तौल,उपभोग्य मिति, लागत मूल्य सूचीको अनुगमन कार्य गर्न उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम बजार अनुगमन तथा निरीक्षण कार्यलाई निरन्तरता दिइएको छ। | | |
| | ८.२.४ | उपभोक्ता हित संरक्षण विषयमा अध्ययन अनुसंधान कार्यलाई प्रोत्साहित गरिनुका साथै उपभोक्ता अधिकार संबन्धमा शिक्षा दिनका लागि शैक्षिक पाठ्यक्रम तयार गरि कम्तिमा माध्यामिक तहमा उपभोक्ता शिक्षा दिने व्यवस्था मिलाउनुका साथै आपूर्ति तथा मूल्य अनुगमन नीति र कार्यक्रमहरूको अध्ययन गर्ने व्यवस्था समेत मिलाइनेछ। | उपभोक्ता हित संरक्षण विषयमा अध्ययन/अनुसन्धान कार्यलाई प्रोत्साहित गरिएको छ। उपभोक्ता अधिकार संबन्धमा शिक्षा दिनका लागि शैक्षिक पाठ्यक्रम तयार गरि कम्तिमा माध्यामिक तहमा उपभोक्ता शिक्षा दिने व्यवस्था मिलाउन सम्बन्धित निकायसँग बैठक बसी छलफल/अन्तरक्रिया गरिएको छ। साथै आपूर्ति तथा मूल्य अनुगमन नीति र कार्यक्रमहरूको अध्ययन गर्ने कार्यमा छलफल भईरहेको छ। | | |
| | ८.२.५ | उपभोक्ता हित संरक्षण गर्न अत्यवश्यक वस्तुहरूको भण्डारण स्थितिको सूचना प्रवाह गर्ने र तिनको गुणस्तर, लागत अनुगमनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। | उपभोक्ता हित संरक्षण गर्न अत्यवश्यक वस्तुहरूको भण्डारण स्थितिको सूचना प्रवाह सम्बन्धित कम्पनीको विद्युतीय माध्यमबाट वेभसाइटमा अद्यावधिक गर्ने गरिएको छ। अत्यवश्यक वस्तुहरूको गुणस्तर, लागत अनुगमन वाणिज्य तथा आपूर्ति व्यवस्था विभागबाट उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम नियमित रूपमा भैरहेको। | बजार अनुगमन प्रभावकारी बनाउन संयुक्त बजार अनुगमन निर्देशिका, २०७८ को मस्यौदा तयार भई स्वीकृतिको चरणमा रहेको छ। | |
| **८.३ अनुगमन** | ८.३.१ | आपूर्ति व्यवस्था प्रभावकारी बनाउन केन्द्रीय,क्षेत्रीय,स्थानीयस्तरमा वस्तु तथा सेवाको लागत, मूल्य र आपूर्ति अनुगमन गर्ने प्रणालीको विकास गरिनेछ। | आपूर्ति व्यवस्था प्रभावकारी बनाउन केन्द्रीय,क्षेत्रीय,स्थानीयस्तरमा वस्तु तथा सेवाको लागत, मूल्य र आपूर्ति सम्बन्धी मा सम्बन्धित निकायको सहकार्यमा निरन्तर रूपमा अनुगमन कार्य भईरहेको छ। | प्रदेश तथा स्थानीय तहका निकायबाट आवश्कयतानुसार बजार अनुगमन निर्देशिका समेत जारी भएको छ। | |

| नीति नं | | | प्रगति | | |
|---|---|---|---|---|---|
| | नम्बर | नीतिको व्यहोरा | भएको / सक्षिप्त व्यहोरा | आंशिक/ सक्षिप्त व्यहोरा | कार्यान्वयनको मूल्यांकन |
| | ८.३.२ | अत्यावश्यक वस्तुहरूको आपूर्ति तथा भण्डारण र लागत अनुमान गर्ने प्रणालीको विकास गरिनेछ। | अत्यावश्यक वस्तुहरूको आपूर्ति तथा भण्डारण र लागतका मा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/निकायबाट समय समयमा अनुगमन/निरीक्षण गरी आवश्यक निर्देशन दिने कार्य भईरहेको छ। | | |
| | ८.३.३ | अत्यावश्यक उपभोग्य वस्तु एवं निर्माण सामाग्रीहरूको माग र आपूर्तिको विश्लेषण र प्रक्षेपण गरी सो सम्बन्धी सूचना प्रवाह गरिनेछ। | अत्यावश्यक उपभोग्य वस्तु एवं निर्माण सामाग्रीहरूको माग र आपूर्तिको विश्लेषण र प्रक्षेपण गर्न वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट समय समयमा अध्ययन एवं अनुगमन/निरीक्षण कार्यलाई निरन्तरता दिइएको छ। | | |
| | ८.३.४ | केन्द्रीय, क्षेत्रीय र स्थानीय अनुगमन समीतिलाई सक्रिय तुल्याउँदै स्थानीय निकायलाई सहभागी गराई अनुगमन कार्यलाई प्रभावकारी बनाउन विशेष स्थायी संयन्त्रको निर्माण गरिनेछ। | केन्द्रीय, क्षेत्रीय र स्थानीय अनुगमन समीतिलाई सक्रिय तुल्याउँदै स्थानीय निकायलाई सहभागी गराई अनुगमन कार्यलाई प्रभावकारी बनाउन सम्बद्ध निकाय/उपभोक्तावादी संघ/संस्था समेतको संलग्नतामा विशेष स्थायी संयन्त्र गठन एवं कार्यविधि बनाइएको छ। | | |
| **८.४ खाद्य सुरक्षा** | ८.४.१ | अत्यावश्यक खाद्यवस्तुहरूको बजार स्थिरीकरण र खाद्य सुरक्षाको लागि राष्ट्रिय,क्षेत्रीय एवं स्थानीयस्तरमा खाध्यान्न सञ्चय (Buffer Stock) गर्ने व्यवस्था मिलाइनेछ। | अत्यावश्यक खाद्यवस्तुहरूको बजार स्थिरीकरण र खाद्य सुरक्षाको लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र अन्तर्गतका कार्यालयहरूका डिपो/भण्डारण गृहमा राष्ट्रिय,क्षेत्रीय एवं स्थानीयस्तरमा यथेष्ठ मात्रामा खाद्यान्न सञ्चय (Buffer Stock) राख्ने गरिएको छ। | | |
| | ८.४.२ | दुर्गम क्षेत्रहरूमा खाद्य सुरक्षाको लागि सञ्चय तथा भण्डारणको विशेष व्यवस्था मिलाइनेछ। | दुर्गम क्षेत्रहरूमा खाद्य सुरक्षाको लागि नेपाल सरकारको स्वीकृत वार्षिक बजेट एवं कार्यक्रम बमोजिम खाद्यान्न/नुन को सञ्चय तथा भण्डारणको व्यवस्था मिलाउँदै आएको छ। | | |
| | ८.४.३ | मानव स्वास्थ्यको लागि आवश्यक पर्ने निश्चित मापदण्ड अनुरूपको गुणस्तरीय खाद्यवस्तु आपूर्तिको व्यवस्था मिलाइनेछ। | मानव स्वास्थ्यको लागि आवश्यक पर्ने निश्चित मापदण्ड अनुरूपको गुणस्तरीय खाद्य वस्तु आपूर्तिको व्यवस्था मिलाउन खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट नियमित रूपमा बजार अनुगमनको कार्य भईरहेको छ। | | |
| | ८.४.४ | दुर्गम क्षेत्रमा खाद्य सुरक्षाको स्थिति निश्चत गर्नका लागि सम्बन्धित निकायहरूको सहयोगमा स्थानीय खाद्यवस्तु उत्पादन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। | दुर्गम क्षेत्रमा खाद्य सुरक्षाको स्थिति निश्चत गर्नका लागि सम्बन्धित निकायहरूको सहयोगमा स्थानीय खाद्य वस्तु उत्पादन गर्न र उत्पादित वस्तुको बजार पहुँचको विशेष कार्यक्रम सञ्चालन गर्ने गरिएको छ। | | |
| | ८.४.५ | प्राकृतिक प्रकोप र आपातकालीन अवस्थावाट प्रभावित जनतालाई आवश्यक वस्तु तथा सेवा उपलब्ध गराउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ। | प्राकृतिक प्रकोप र आपातकालीन अवस्थावाट प्रभावित जनतालाई आवश्यक वस्तु तथा सेवा उपलब्ध गराउन गृह मन्त्रालयको सहयोग र | | |

| नीति नं | | | प्रगति | | |
|---|---|---|---|---|---|
| | नम्बर | नीतिको व्यहोरा | भएको / सक्षिप्त व्यहोरा | आंशिक/ सक्षिप्त व्यहोरा | कार्यान्वयनको मूल्यांकन |
| | | | समन्वयमा विशेष कार्यक्रम सञ्चालन गर्ने गरिएको छ। | | |
| | ८.४.६ | खाद्य सम्प्रभुता र भोकविरूद्धको अधिकार सुनिश्चीत गर्न विशेष कार्यक्रम तर्जुमा गरिनेछ। | खाद्य सम्प्रभुता र भोकविरूद्धको अधिकार सुनिश्चित गर्न देशका अति दुर्गम तथा हिमाली जिल्लाका तोकिएका विभिन्न स्थान/क्षेत्रमा नेपाल सरकारको सहयोगमा वार्षिक रूपमा स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम नियमित रूपमा ढुवानी अनुदानमा खाद्यान्न ढुवानी गरी बिक्री वितरण गर्ने गरिएको छ। | | |
| **८.५ संस्थागत सुधार** | ८.५.१ | आपूर्ति व्यवस्थामा संलग्न रहने सार्वजनिक संस्थानहरूले प्रवाह गर्ने सेवाको प्रभावकारिता वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। | आपूर्ति व्यवस्थामा संलग्न रहने सार्वजनिक संस्थानहरूले प्रवाह गर्ने सेवाको प्रभावकारिता वृद्धि समय समयमा तालुक मन्त्रालयबाट अनुगमन/निरीक्षण गर्ने गरिएको छ। | | |
| | ८.५.२ | मुलुकभर अत्यावश्यक वस्तु तथा सेवा आपूर्ति गर्ने एकीकृत सेवा केन्द्र, उपभोक्ता सहकारी पसल, सुपथ मूल्य पसल, वा ग्रामीण सहकारी पसलहरूको संस्थागत विकास तथा सुदृढीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। | मुलुकभर अत्यावश्यक वस्तु तथा सेवा आपूर्ति गर्ने एकीकृत सेवा केन्द्र, उपभोक्ता सहकारी पसल, सुपथ मूल्य पसल, वा ग्रामीण सहकारी पसलहरूको संस्थागत विकास तथा सुदृढीकरण गर्न नेपाल सरकारबाट वार्षिक रूपमा बजेट तथा कार्यक्रम स्वीकृत गरी सञ्चालन गर्ने गरिएको छ। | | |
| | ८.५.३ | आपूर्ति व्यवस्थापनमा संलग्न निजी क्षेत्रको संस्थागत विकासलाई प्रोत्साहित गरिनेछ। | आपूर्ति व्यवस्थापनमा संलग्न निजी क्षेत्रको संस्थागत विकासलाई प्रोत्साहित गर्न समय समयमा सम्बद्ध संस्थाको उपस्थितमा बैठक/छलफल हुने गरेको छ। | | |
| **८.६ बजार सम्बन्धी** | ८.६.१ | बजारमा एकाधिकारी प्रवृत्ति, कृत्रिम अभाव, मुनाफाखोरी लगायत आपूर्तिमा व्यावधान हुने क्रियाकलाप रोक्न केन्द्रीय, क्षेत्रीय, जिल्ला र स्थानीय अनुगमन समितिहरूलाई सक्रिय तुल्याइनेछ। साथै, उत्पादक, आयातकर्ता र थोक बिक्रेताहरूले बिक्री गर्ने वस्तुको सञ्चय र भण्डारण स्थिति सार्वजनिक गर्नुपर्ने प्रणालीको विकास गरिनेछ। | बजारमा एकाधिकारी प्रवृत्ति, कृत्रिम अभाव, मुनाफाखोरी लगायत आपूर्तिमा व्यावधान हुने क्रियाकलाप रोक्न केन्द्रीय,क्षेत्रीय,जिल्ला र स्थानीय अनुगमनलाई उपभोक्ता संरक्षण ऐन, २०७५ नियमावली बमोजिम सक्रिय बनाइएको छ। साथै, उत्पादक, आयातकर्ता र थोक बिक्रेताहरूले बिक्री गर्ने वस्तुको सञ्चय र भण्डारण स्थितिको कानुन बमोजिम सार्वजनिक गर्न निर्देशन दिने गरिएको छ। | | |
| | ८.६.२ | माथि उल्लेखित आपूर्ति व्यवस्थापन सम्बन्धी मौजूदा कानूनहरूलाई एकीकृत र समयानुकूल बनाइ प्रभावकारी कार्यान्वयनको व्यवस्था गरिनेछ। | आपूर्ति व्यवस्थापन सम्बन्धी मौजूदा कानूनहरूलाई एकीकृत र समयानुकूल बनाइ प्रभावकारी कार्यान्वयनको लागि वार्षिक कार्यक्रम र बजेट स्वीकृत गरिएको छ। | | |
| | | **रणनीतिहरू (strategies)** | | | |
| **९.१ आपूर्ति** | ९.१.१ | सार्वजनिक संस्थानहरू, निजी क्षेत्रका लगानीकर्ता, व्यापारिक प्रतिष्ठानहरू तथा सहकारी संघसंस्थाहरूलाई आपूर्ति व्यवस्थापनमा सक्रिय रूपमा सहभागी गराइनेछ। | सार्वजनिक संस्थानहरू, निजी क्षेत्रका लगानीकर्ता, व्यापारिक प्रतिष्ठानहरू तथा सहकारी संघसंस्थाहरूलाई नेपाल सरकारको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम आपूर्ति व्यवस्थापनमा | | |

| नीति नं | | | प्रगति | | |
|---|---|---|---|---|---|
| | नम्बर | नीतिको व्यहोरा | भएको / सक्षिप्त व्यहोरा | आंशिक/ सक्षिप्त व्यहोरा | कार्यान्वयनको मूल्यांकन |
| | | | कार्यमा सहभागी गराउने गरिएको छ। | | |
| | ९.१.२ | आपूर्ति व्यवस्थालाई सहज, चुस्त र प्रभावकारी बनाउन सार्वजनिक, निजी तथा सहकारी क्षेत्रलाई सहभागी गराइ समन्वयात्मक रूपमा कार्यक्रम सञ्चालन गर्न सरकारले सहजकर्ताको भूमिका खेल्नेछ। | आपूर्ति व्यवस्थालाई सहज, चुस्त र प्रभावकारी बनाउन सार्वजनिक, निजी तथा सहकारी क्षेत्रलाई सहभागी गराई समन्वयात्मक रूपमा कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारले समय समयमा सम्बद्ध पक्षसँग बैठक/ छलफल तथा अन्तरक्रिया गरी सहजकर्ताको भूमिका निर्वाह गर्ने गरेको छ। | | |
| | ९.१.३ | सरकारले निजी लगानीकर्ता एवं सहकारी क्षेत्रको सहभागितामा आपूर्ति क्षेत्रको आवश्यक पूर्वाधार र संरचनाको विकास र विस्तारमा टेवा पुर्याउनेछ। | सरकारले निजी लगानीकर्ता एवं सहकारी क्षेत्रको सहभागितामा आपूर्ति क्षेत्रको आवश्यक पूर्वाधार र संरचनाको विकास र विस्तारमा टेवा पुर्याउन वार्षिक रूपमा नीति तथा कार्यक्रम स्वीकृत गर्ने गरेको छ। | | |
| | ९.१.४ | अत्यावश्यक उपभोग्य वस्तु तथा सेवा, निर्माण सामाग्रीहरूको आपूर्ति सर्वसुलभ एवं नियमित गर्न गराउन, उत्पादन, आयात, निर्यात र बिक्री मूल्यसम्बन्धी सूचना प्रवाह गर्ने प्रणालीलाई विकसित गरिनेछ। | अत्यावश्यक उपभोग्य वस्तु तथा सेवा, निर्माण सामाग्रीहरूको आपूर्ति सर्वसुलभ एवं नियमित गर्न गराउन, उत्पादन, आयात, निर्यात र बिक्री मूल्यसम्बन्धी सूचना प्रवाह गर्ने प्रणालीलाई विकास गर्न वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट नियमित रूपमा अनुगमन / निरीक्षणको कार्य भइरहेको छ। | | |
